# कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्द


<u>शोधार्थी</u>

भिमादेवी बिष्ट

क्याम्पस क्रमाङ्क र शैक्षिक वर्ष : (२०७४-२०७५)

त्रि.वि. दर्ता क्रमाङ्क : ९-२-२१८-५६१-२०१०

दोस्रो वर्षको परीक्षा क्रमाङ्क (वर्ष) : २१८०००५


नेपाली भाषा शिक्षा विषयमा नेप. शि ५९८ स्नातकोत्तर उपाधिका निमित्त

प्रस्तुत शोधपत्र

शोधपत्र पेश गरेको मिति :

वि.सं.:

इ.सं.:


त्रिभुवन विश्वविद्यालय

शिक्षा शास्त्र संकाय

जनता बहुमुखी क्याम्पस

नेपाली शिक्षा विभाग

इटहरी, सुनसरी


शोधपत्र भाइभा मिति :

वि.सं.:

इ.सं.:

## स्वयम् घोषणा

म शोधार्थी भिमादेवी बिष्ट यो घोषणा गर्दछु कि प्रस्तुत शोधपत्र मैले आफै तयार गरेको हो । शोधपत्रमा कुनै अंश समेतको मैले कहाँकतैबाट हुवहु नक्कल गरेको छुईन । आवश्यकताअनुसार सन्दर्भ र स्रोत खुलाई पूर्वकार्यको प्रयोग गरिएको छ । यदी कहीँकतैबाट हुवहु नक्कल गरेको प्रमाणित भए त्यसबाट आउने सबैखाले परिणामको सामना गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । यस सम्बन्धमा पछि कहीँकतै र कुनै किसिमको उजुरबाजुर गर्ने छैन ।

मिति :-

................................

शोधार्थी

भिमा देवी बिष्ट

# जनता बहुमुखी क्याम्पस

☎ ०२५-५८१३००
५८००६४

इटहरी, सुनसरी
स्थापित : २०४५

(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि. परिषदबाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय


प.सं. :
च.नं. :

मिति :

---

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड. द्वितीय वर्षकी छात्रा भिमादेवी बिष्टले नेपाली शिक्षा ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **'कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्द'** शीर्षकको शोधपत्रमेरो निर्देशनमा तयार पार्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधपत्रनेपाली शिक्षामा स्नातकोत्तर उपाधिका निमित्त मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति :

.......................................
शोध निर्देशक
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
नेपाली शिक्षा विभाग

# जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी
स्थापित : २०४५

☎ ०२५-५८१३००
५८००६४

(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि. परिषदबाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय


प.सं. :
च.नं. :

मिति :

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत जनता बहुमुखी क्याम्पस,इटहरी नेपाली शिक्षा विभाग स्नातकोत्तर तहका शोधार्थी भिमादेवी बिष्टले नेपा. शि ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पार्नुभएको **'कक्षा दशको नेपाली भाषापाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्द'** शीर्षकको शोधपत्रनेपाली शिक्षा स्नातकोत्तर तहका लागि उपयुक्त देखिएकाले मूल्याङ्कनका निमित्त स्वीकृत गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन समिति

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | मदनराज बराल | विभागीय प्रमुख |
| | .......................... | |
| २. | .......................... | बाहय विशेषज्ञ |
| | ............................ | |
| ३. | तीर्थराज भट्टराई | शोधनिर्देशक |
| | ................................ | |

**कृतज्ञता ज्ञापन**

प्रस्तुत शोधपत्रत्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तहको दोस्रो वर्ष नेपाली मूल विषयको आंशिक आवश्यक्ता पूरा गर्नका लागि '**कक्षा दशको नेपाली भाषापाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्द'** सन्दर्भ**मा शोध कार्य गरि त्यसको** वर्ग, व्युत्पत्ति, अर्थ के कसरी भएको छ भन्ने कुरालाई प्रस्ट्याउने कार्य गरिएको छ ।

यो शोधपत्रलेखनको प्रारम्भदेखि आफ्नो व्यस्तताका वावजुत पनि यस शोधपत्रनिर्माणदेखि शोध प्रतिवेदनको प्रस्तुतिसम्म आफ्नो अमूल्य समय, सल्लाह, सुझाव र कुशल निर्देशन गर्नुहुने शोधनिर्देशक श्री तीर्थराज भट्टराई प्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यसैगरी शोधपत्रशीर्षक चयन गर्नुहुने आदरणीय गुरु मदनराज बराल र नवीनकुमार शर्मा तथा नेपाली विभागका सम्पूर्ण गुरुवर्गहरुमा हार्दिक आभार प्रकट गर्दछु । प्रस्तुत शोधपत्रतयार पार्दा विभिन्न सामग्री तथा स्रोत उपलब्ध गराएर सहयोग गर्ने जनता बहुमुखी क्याम्पसको पुस्तकालय परिवार र सुकुना क्याम्पसका श्री बालकृष्ण गौतमलाई धन्यवाद दिन चाहन्छु । त्यसैगरी मेरो अध्ययनको हरेक क्षण उपयुक्त सल्लाह, सुझाव र उचित वातावरण बनाई यो अवस्था सम्म पुऱ्याउन सदैव साथ, हौसला र निस्वार्थ सहयोग गरिदिनु हुने मेरो पिता डिकबहादुर विष्ट र श्रीमान् आकाश निरौलाप्रति आभारी र कृतज्ञ छु । सामग्री उपलब्ध गराएर आवश्यक सहयोग गर्ने मेरा सहपाठी साथीहरू, पार्वता भट्टराई, भोजराज भण्डारी, हेम घिमिरे, विमला पोखेल, सूर्यकला सापकोटा लगायत सम्पूर्ण साथी, सहयोगी, इष्टमित्र र अग्रजहरूलाई स्मरण गर्न चाहन्छु । त्यसैगरी अन्त्यमा यस शोधपत्रलाई कम्प्युटर टाइप गरी विशेष सहयोग पुऱ्याउने गोपाल बस्याल प्रति कृतज्ञ छु ।

................................

शोधार्थी

भिमा देवी बिष्ट

# शोधसार

**शोधशीर्षक : 'कक्षा दशको नेपाली भाषापाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्द'**

**शोधविधि :** प्रस्तुत शोधपत्रको सामग्रीको सङ्कलनमा प्रमुख आधार पुस्तकालयीय कार्य, पाठ्यपुस्तक विधि अपनाइएको छ । शोधपत्रमा प्रयुक्त तथ्य तथ्याङ्कलाई व्याख्या र विश्लेषणात्मक विधिद्वारा प्रस्तुत गरिएको छ ।

**शोध प्रक्रिया :** प्रस्तुत शोधकार्यलाई पाँच अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा शोधको परिचय अन्तर्गत पृष्ठभूमि, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र महत्त्व, अध्ययनको परिसीमा (सीमाङ्कन), पारिभाषिक शब्दहरू, शोधपत्रको रूपरेखा समावेश गरिएको छ । अध्याय दुईमा पूर्वकार्यको समीक्षा, पूर्वकार्यको उपयोगिता र कार्यान्वयन, सैद्धान्तिक र धारणात्मक संरचना समावेश गरिएको छ । अध्याय तीनमा अध्ययनको प्रक्रिया र विधि अन्तर्गत अध्ययनको संरचना, जनसङ्ख्या र नमूना, नमूना छनोट प्रक्रिया, तथ्याङ्क सङ्कलनका साधन, तथ्याङ्क सङ्कलनका प्रक्रिया, तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया समावेश गरिएको छ । अध्ययन चारमा कक्षा दशको नेपाली भाषापाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको वर्ग, व्युत्पत्ति, अर्थको आधारमा विश्लेषण गरिएको छ साथै प्रत्येक कथामा प्रयुक्त सम्पूर्ण शब्द सङ्ख्या, तत्सम शब्दसङ्ख्या र तत्सम शब्दको प्रतिशत समेत प्रस्तुत गरिएको छ । यसका साथै आवृत्ति भएका शब्द र आवृत्तिको स्थितिलाई तालिकामा देखाइएको छ । पाँचौ अर्थात् अन्तिम अध्यायमा निष्कर्ष, सुझाब, उपयोगिता, सन्दर्भ सामग्री, परिशिष्टहरू समावेश गरिएको छ । यस शोधपत्रमा कक्षा दशको नेपाली भाषापाठ्यपुस्तकको कथा विधामा तत्सम शब्द पत्ता लगाउनु, तत्सम शब्दको बनोट प्रक्रिया पत्ता लगाउनु, कथामा तत्सम शब्दको आवृत्तिको अवस्था पत्ता लगाउनु, शब्द वर्गका आधारमा तत्सम शब्दको पहिचान गर्नु जस्ता उद्देश्य राखिएको छ ।

यस शोधपत्रले तत्सम शब्द सम्बन्धित भएर शोधकार्य गर्न चाहने भावी शोधकर्तालाई दिशानिर्देशन गर्नुका साथै कक्षा दशमा अध्ययनरत विद्यार्थीलाई तत्सम शब्दको वर्ग, व्युपत्ति, अर्थ आदिका बारेमा ज्ञान दिन सहयोग पुग्नेछ ।

# विषयसुची

## अध्याय एक : शोध परिचय


१.१ पृष्ठभूमि........................................................................१
१.२ समस्या कथन ....................................................................१
१.३ अध्ययनका उद्देश्य.................................................................२
१.४ अध्ययनको औचित्य र महत्त्व.........................................................२
१.५ अध्ययनको परिसीमा (सीमाङ्कन) ..................................................२
१.६ पारिभाषिक शब्दहरू ...............................................................२
१.७ शोधपत्रको रूपरेखा/अध्यायथोजना ...............................................३


## अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना


२.१ पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना........................................४
२.२ पूर्वकार्यको उपयोगिता/कार्यान्वयन..................................................७
२.३ सैद्धान्तिक र धारणात्मक संरचना ..................................................८


## अध्याय तीन : अध्ययनको प्रक्रिया र विधि


३.१ अध्ययनको संरचना...............................................................११
३.२ जनसङ्ख्या र नमूना..............................................................११
३.३ नमूना छनोट प्रक्रिया..............................................................९
३.४ तथ्याङ्क सङ्कलनका साधनहरु......................................................९
३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया..........................................................९
३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया................................................९


## अध्याय चार : नतिजा/परिणाम


४.१ तत्सम शब्दको विश्लेषण ..........................................................१०

४.१.१ 'घरभगडा' कथामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण ..............१०

४.१.२ 'शत्रु' कथामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण ..........................२२

४.१.३ 'कर्तव्य' कथामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण....................३४
४.१.४ 'आयाम' कथामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण......................५५
**४.२ छलफल र व्याख्या**............................................................................**७२**

**अध्याय पाँच : निष्कर्ष, सुझाव तथा उपयोगिता**

**५.१ निष्कर्ष** ........................................................................................**७४**
**५.२ सुझावहरु** ......................................................................................**७५**
**५.३ उपयोगिता** .....................................................................................**७५**
५.३.१ नीतिगत तह ........................................................................७६
५.३.२ कार्यान्वयन तह.....................................................................७६
५.३.३ आगामी अनुसन्धानका लागि शीर्षकहरू...........................................७६
**सन्दर्भ सामग्री**
**परिशिष्टहरू**

## तालिका सूची


| तालिका संख्या | शीर्षक | पृष्ठसङ्ख्या |
|---|---|---|
| १ | 'घरभ्कगडा' कथामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण | १०-२१ |
| २ | शब्द आवृत्ति | २१ |
| ३ | 'शत्रु' कथामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण | २२-३३ |
| ४ | शब्द आवृत्ति | ३३-३४ |
| ५ | 'कर्तव्य' कथामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण | ३४-५४ |
| ६ | शब्द आवृत्ति | ५४-५५ |
| ७ | 'आयाम' कथामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण | ५६-७० |
| ८ | शब्द आवृत्ति | ७१-७२ |

## अध्याय एक : शोध परिचय

### १.१ पृष्ठभूमि

भाषा शब्द संस्कृतको 'भाष्' धातुबाट निर्माण भएको हो । 'भाष्' धातुको अर्थ बोल्नु वा भन्नु हुन्छ । भाषा शब्दमा स्त्रीत्वबोधक टाप् (आ) प्रत्यय लागेर बनेको भाषा शब्दले बोली भन्ने अर्थ दिइएको छ । भाषा विचार विनिमयको माध्यम हो । तर विचार विनिमयका सबै माध्यमलाई भाषा भनिदैन । खास गरी स्वर र ब्यञ्जन जस्ता ध्वनिहरु स्पष्ट छुट्याउन सकिने गरी मान्छेका उच्चारण अवयवद्वारा उच्चारित आवाजलाई मात्र भाषा भनिन्छ । भाषा सामाजिक बस्तु हो । भाषाको आर्जन व्यक्तिले समाजबाट गर्छ । सामाजिक सम्पर्क स्थापित गर्न यसको उपयोग सामाजमै गर्छ । वैचारिक आदान-प्रदानको माध्यम भाषा हो ।

भाषामा शब्दको महत्वपूर्ण स्थान हुन्छ । एक वा एकभन्दा बढी अक्षर मिली बनेको स्वतन्त्र रूपमा प्रयोग हुन सक्ने इकाइलाई शब्द भनिन्छ । यो रुपिम भन्दा माथिल्लो पदावली भन्दा सानो भाषिक एकाई हो । जस्तै हात, समाज, धर्म, किताब आदिलाई स्वतन्त्र रूपमा प्रयोग गर्न सकिन्छ र अर्थ पनि पूर्ण छ । त्यसैले यी शब्द हुन् । तर उपसर्ग तथा प्रत्यय आदिको प्रयोग स्वतन्त्र रूपमा नहुने भएकाले र तिनको अर्थ पनि नभएकाले यी शब्द होईनन्।

यहाँ कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकका कथामा प्रयुक्त तत्सम शब्दहरूको खोज कार्य गरिएको छ । यो शोधपत्र तयार पार्नु पूर्व यस तहको कथा विधाको तत्सम शब्दको अध्ययन नगरिएकाले, खोज अनुसन्धान नभएकाले कक्षा दशका विद्यार्थीहरूलाई अध्यापन गराउने शिक्षकहरूलाई लक्षित गरी अनुसन्धान कार्य गरिएको छ ।यो अनुसन्धान कार्य जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग, इटहरी सुनसरीबाट तयार पारिएको छ। यस अनुसन्धानबाट प्रत्यक्ष रूपमा कक्षा दशका विद्यार्थीहरूले लाभ लिन सक्नेछन् ।

### १.२ समस्या कथन

कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकका कथाा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन गर्नु गहनतम् कार्य हो । शैक्षिक क्षेत्रमा नेपाली भाषाका तत्सम, तत्भब र आगन्तुक शब्दले महत्वपूर्ण भुमिका खेलेको हुन्छ । सिमित रूपमा रहेका झर्रा नेपाली शब्दलाई पूर्णता दिने काम यिनै तत्सम, तत्भब र आगन्तुक शब्दहरूले गरेका हुन्छन् । तत्सम शब्द नेपाली पाठ्यक्रममा प्रयोग भई शिक्षण कार्यमा बाधा समेत बनेको पाइन्छ ।

वाक्यको विभिन्न परिवेशमा आएर यस्ता तत्सम शब्दले कुन वर्गका रूपमा कसरी काम गर्छन् भन्ने कुराको अवगत नहुनु विद्यार्थीमा समस्याको पाटो हो । विद्यार्थीलाई मात्र नभएर यस्ता शब्दले पदवर्ग छुट्याउन शिक्षकलाई समेत मुस्किल पर्नसक्छ ।

तत्सम शब्दहरू सम्बन्धी समस्यालाई बुदाँगत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

क) कक्षा दशको नेपाली पाठ्यपुस्तका कथा विधामा के-कस्ता तत्सम शब्दहरू प्रयोग भएका छन् ?

ख) कथामा तत्सम शब्दहरूको बनोट कस्तो छ ?

ग) कथामा तत्सम शब्दहरूको आवृत्तिको अवस्था कस्तो छ ?

घ) कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्द शब्दवर्गका आधारमा कस्ता छन् ?

### १.३ अध्ययनको उद्देश्य

क) कक्षा दशको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्द पत्ता लगाउनु,

ख) कथामा रहेका तत्सम शब्दहरूको बनोट प्रक्रिया पत्ता लगाउनु,

ग) कथाका तत्सम शब्दको आवृत्तिको अवस्था पत्ता लगाउनु,

घ) शब्द वर्गका आधारमा तत्सम शब्दको पहिचान गर्नु ।

### १.४ अध्ययनको औचित्य र महत्त्व

यस शोधपत्रमा कक्षा दश (२०८०) को नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको व्यवस्थित अध्ययन गरिएको छ । तत्सम शब्दको अध्ययनले भाषालाई सरल, सहज तथा मिठासपूर्ण बनाउने र दुर्बोध्यलाई सुबोध्य बनाउने हुनाले यसको अध्ययन र अनुसन्धान औचित्यपूर्ण छ ।

यस शोधपत्र कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा के-कति मात्रामा तत्सम शब्दहरू प्रयोगमा आएका छन्, शब्दहरू कसरी बनेका छन्, शब्दहरू कति पटक आवृत्ति भएका छन् साथै शब्दहरू कुन-कुन शब्द वर्गमा रहेका छन् भन्ने कुराको खोजी गरियो । यस शोधपत्रले कक्षा दश अध्ययन गर्ने विद्यार्थी र अध्यापन गर्ने शिक्षकलाई आवश्यक सहयोग र मार्ग निर्देशन दिने कार्य गर्दछ । यसका साथै पाठ्क्रम, पाठ्यपुस्तक निर्मातालाई समेत सहयोग पुऱ्याउने हुनाले यो शोधपत्र महत्वपूर्ण हुनेछ । यसकारण तत्सम शब्दको अध्ययन हुनु जरुरी छ ।

### १.५ अध्ययनको परिसीमा (सीमाङ्कन)

यो शोधपत्रमा कक्षा दश (२०८०) को नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययनमा केन्द्रित रहेको छ । यस शोधपत्रको सीमाहरू निम्नलिखित रहेका छन् ।

क) कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त तत्सम शब्दको पहिचान गर्नु,

ख) कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको बनोट प्रक्रिया देखाउनु,

ग) प्रयुक्त तत्सम शब्दको आवृत्तिको अवस्था पत्ता लगाउनु ,

घ) कथामा प्रयुक्त तत्सम शब्दहरूको शब्दवर्गको खोजी गर्नु ,

### १.६ पारिभाषिक शब्दहरू

**तत्सम :** संस्कृत भाषा नेपाली भाषाको जननी भाषा हो । संस्कृत भाषाबाट धेरै शब्दहरू नेपाली भाषामा आएका छन् । संस्कृत भाषाबाट नेपाली भाषामा शब्दहरू आउने क्रममा जस्ताको तस्तै, अथवा कुनै पनि फेरबदल नभइकन आएका शब्दहरू नै तत्सम शब्द हुन् ।

**उपसर्ग :** मूल शब्दको अगाडि जोडिने सर्ग

**प्रत्यय :** मूल शब्दको पछाडि जोडिने सर्ग

**समास :** दुई ओटा शब्दहरू जोडिएर नयाँ शब्द बन्ने प्रक्रिया

**द्वित्व :** एउटै शब्द दोहोरिएर नयाँ शब्द बन्ने प्रक्रिया

### १.७ शोधपत्रको रूपरेखा/अध्याययोजना

यस अध्ययनमा निम्नानुसारको अध्याययोजना रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समिक्षा तथा धारणात्मक संरचना

अध्याय तीन : अध्ययनको प्रक्रिया र विधि

अध्याय चार : नतिजा/परिणाम र छलफल

अध्याय पाँच : निष्कर्ष, सुझाव तथा उपयोगिता

# अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

शोधपत्रतयार गर्ने क्रममा विद्यालय तथा विश्वविद्यालयका नेपाली भाषा पाठ्यपुस्तकको बिभिन्न विधामा प्रयुक्त तत्सम शब्दका बारेमा धेरै अध्ययन र अनुसन्धान गरिएको छ । जस मध्येका केही अनुसन्धान बारे यहाँ संक्षिप्त चर्चा गरिएको छ ।

भट्टराई (२०६६) द्वारा "कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दको अध्ययन" शीर्षकमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गतको नेपाली शिक्षा विभागबाट स्नातकोत्तर दोस्रो वर्षको ५९८ पाठ्यांशको आंशिक आवश्यक्ता परिपूर्तिको प्रयोजनार्थ यो शोधकार्य सम्पन्न भएको पाईन्छ । कक्षा ५ को नेपाली पाठ्यपुस्तकमा रहेका तत्सम शब्दहरु पहिल्याउनु, ती शब्दको बनोट प्रक्रिया पत्ता लगाउनु, ती शब्दको पदवर्ग छुट्याउनु, शब्द निर्माणमा सर्ग स्थिति देखाउनु जस्ता उद्देश्य राखिएको उक्त शोधपत्रमा मुख्य रूपमा पुस्तकालयीय कार्यको प्रयोग गरिएको छ ।

उक्त शोधपत्र अनुसार कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका ८३३५ शब्द मध्ये अनावृत्त शब्द संख्या १८५० ले २२.१९ प्रतिशत अनावृत्त शब्दहरू रहेको बताउँछ । ती शब्दहरुमा उपसर्ग लागेको २० प्रतिशत, प्रत्यय लागेका ३८ प्रतिशत तत्सम शब्द भएको कुरा उल्लेख गरिएको छ । कक्षा पाँचको स्तरअनुसार भाषाको स्तरियता र शब्दभण्डारको विकासका लागि अनावृत्त तत्सम शब्दलाई ३५ प्रतिशतसम्म बनाउनु पर्ने देखिए तापनि तह अनुसार तत्समको प्रयोग भने सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ । (भट्टराई,२०६६ : पृष्ठ ५१ र ५२ )

खड्का (२०६७) ले कक्षा एघारको सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूले अध्ययन शीर्षकमा शैक्षिक प्रयोजनका लागि तयार गरेकी छन् । यस अध्ययनमा कक्षा ११ को कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अर्थ, ब्युत्पत्ति पाठ शब्दवर्ग तथा पृष्ठको अवस्था के कस्तो रहेको छ त्यसलाई केलाएर प्रस्तुत गरेकी छन् । तत्सम शब्दको ब्युत्पति, अर्थ, शब्दवर्ग तथा पृष्ठको उल्लेख गर्नु यो अध्ययनको उद्देश्य रहेको छ । यसमा पुस्तकालयीय कार्य तथा खोज अनुसन्धान विधिको प्रयोग गरेको पाइन्छ । यो कार्य तत्सम शब्दको अध्ययनका लागि महत्त्वपूर्ण मान्न सकिन्छ ।

दाहाल (२०६७) द्वारा कक्षा एघारको नेपाली पाठ्यपुस्तको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश नेपा.शि ५९८ को प्रयोजनको लागि तयार पारिएको देखिन्छ । उक्त शोधपत्रमा शब्दवर्ग, शब्द निर्माण प्रक्रिया, शब्दार्थ, पृष्ठ सङ्ख्या आदि उल्लेख गरिएको पाइन्छ । उक्त शोधपत्रमा निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको पहिचान गर्नु, स्रोतका आधारमा शब्दको परिचय दिनु, तत्सम शब्दको बनोट प्रक्रिया पत्ता लगाउनु जस्ता उद्देश्य राखिएको छ । यस अध्ययनमा पाठ्यपुस्तक विधि, छलफल विधि, पुस्तकालयीय कार्य जस्ता विधिको प्रयोग गरिएको छ ।

उक्त शोधपत्र कक्षा एघारको सबैको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका निबन्धमध्ये 'आइमाई साथी' निबन्धमा २१३, 'भलादमी' निबन्धमा १२८, 'म फुल लिएर आउनेछु' निबन्धमा ९४, 'आलु' निबन्धमा १२८ तत्सम शब्द रहेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययनमा कक्षा ११ को स्तर र क्षमता अनुरूप नै तत्सम शब्दको परिचय, शब्दको प्रयोग निबन्धमा भएको निष्कर्ष निकालिएको छ । शब्दको परिचय, शब्दको वर्गीकरण र तत्सम शब्दहरूको अध्ययन गरिएको यो शोधपत्रतत्सम शब्दको अध्ययनमा महत्त्वपूर्ण रूपमा लिन सकिन्छ । (दाहाल, २०६७:५७)

यादव (२०७०) मा स्नातक तह प्रथम वर्षको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन शीर्षकमा जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश नेपा.शि ५९८ को प्रयोजनको लागि तयार पारिएको देखिन्छ । उक्त शोधपत्रमा निबन्धको सैद्धान्तिक स्वरूप, स्रोतका दृष्टिले शब्दहरूको वर्गीकरण, शब्द निर्माण प्रक्रिया, शब्दार्थ, पृष्ठसंख्या आदि उल्लेखित गरिएको पाइन्छ । निबन्धको सैद्धान्तिक स्वरूप, वर्गीकरण र तत्सम शब्दको विश्लेषण गर्नु जस्ता उद्देश्य राखिएको छ । यस अध्ययनमा पुस्तकालयीय कार्य, पाठ्यपुस्तक विधि र विश्लेषण विधि जस्ता विधिको माध्यमबाट निष्कर्ष निकालिएको छ ।

बस्नेत (२०७१) द्वारा "स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्द" शीर्षकमा शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा बिभाग अन्तर्गत एम.एड दोस्रो वर्षको नेपा. शि ५९८ पाठ्यांशको आशिंक आबश्यकता परिपूर्तिको लागि शोधपत्रतयार पारिएको देखिन्छ । तत्सम शब्दको वर्गीकरण र शब्दको संक्षिप्त परिचय दिनु, स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गर्नु, कथा विधामा उपसर्ग, प्रत्ययको, कथा विधामा समास र द्वित्व शब्दको निर्माण प्रक्रिया पहिचान गर्नु जस्ता उद्देश्य राखिएको सो शोधपत्रमा मुख्य रूपमा पुस्तकालयीय कार्यको प्रयोग गरिएको छ ।

उक्त शोधपत्रमा तत्सम शब्दको शब्दवर्ग छुट्याउनुका साथै शब्दको निर्माण प्रक्रिया, अर्थ तथा पाठ र पृष्ठसङ्ख्या पनि उल्लेख गरिएको छ । स्नातक तहको कथा विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गरिएको यो शोधपत्रस्नातक तहमा अध्ययनरत विद्यार्थी र शिक्षक वर्गका लागि समेत उपयोगी देखिन्छ (बस्नेत : २०७१ : पृष्ठ ५६)

नेम्वाङ्ग (२०७१) द्वारा कक्षा नौ को नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन शीर्षकमा शिक्षाशास्त्र संङ्काय जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षको नेपा.शि ५९८ पाठ्यांशको आंशिक आवश्यकता परिपूर्तिको निम्ति शोधपत्र तयार पारिएको देखिन्छ । उक्त शोधपत्रको उद्देश्यमा कथाको सैद्धान्तिक स्वरूपको अध्ययन गर्नु, स्रोतका दृष्टिले शब्दको वर्गीकरण गर्नु, नेपाली भाषाको कथा विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गर्नु जस्ता उद्देश्य राखिएको र पुस्तकालयीय कार्य, पाठ्यपुस्तक विधि, छलफल विधि, विश्लेषण जस्ता विधिको प्रयोग गरिएको छ ।

उक्त शोधपत्रमा कक्षा नौ को नेपाली पाठ्यपुस्तमा समाबेश कथाहरु कर्तब्य, दोषी चस्मा र न्यायको पक्ष कथामा भएका सम्पूर्ण ६२७२ शब्दसंङ्ख्या मध्ये अनावृत शब्द संङ्ख्या १३५७ को उपस्थितिमा नदोहोरिएका १९ % भन्दा बढी शब्दको सम्पूर्ण शब्दको करिब एक चौथाई भाग ओगटेको देखिन्छ । उपसर्ग, प्रत्यय र पदवर्गको आधारमा विश्लेषण गरिएको यो शोधपत्रले सम्पूर्ण संङ्ख्यामा आवृत्त संङ्ख्याको विवरण सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ ।

बराल (२०७४) द्वारा बि.एड. प्रथम वर्षको ऐच्छिक नेपालीको कथा विधामा रहेका तत्सम शब्दहरू पहिल्याउनु, तत्सम शब्दहरूको बनोट प्रक्रिया पत्ता लगाउनु, शब्दवर्ग लगाउनु, तत्सम शब्दको आवृत्तिको अवस्था पत्ता लगाउनु जस्ता उद्देश्य राखिएको उक्त शोधपत्रमा मुख्य रूपमा पुस्तकालयीय कार्यको प्रयोग गरिएको छ ।

उक्त शोधपत्र अनुसार बि.एड. प्रथम वर्षको ऐच्छिक नेपाली पाठ्यपुस्तकमा भएका १४ ओटा कथाहरूमा जम्मा २३,३०७ ओटा शब्दहरू प्रयोग भएकोमा ८२३ ओटा ३.५३ प्रतिशत तत्सम शब्द प्रयोग भएको पाइन्छ । ती कथाहरूको अध्ययन गर्दा सबैभन्दा बढी

तत्सम शब्द 'एउटा बिचारको यात्रापथ' कथामा र सबैभन्दा कम 'थैले खत्रीको इतिहास' कथामा भएको पाइन्छ । उक्त पाठ्यपुस्तकमा तत्सम शब्दको प्रयोगको अवस्था कमजोर देखिन्छ । बि.एड. तहका विद्यार्थीको लागि तत्सम शब्दको प्रयोग बढी भएका कथाहरू समाबेश गरेमा तत्सम शब्दका माध्यमबाट नेपाली भाषाको अध्ययनमा सहज गराउन सकिने निष्कर्ष निकालिएको छ । (बराल २०७४ : पृष्ठ ५८)

## २.२ पूर्वकार्यको उपयोगिता/कार्यान्वयन

कुनै पनि कार्यको अध्ययन अनुसन्धान गर्नुपूर्व यससँग सम्बन्धित के-कस्ता अध्ययन र अनुसन्धान भएका छन् ती कुरा जान्न आवश्यक हुन्छ । अध्ययन र अध्यापनको क्रममा शब्दभण्डारको क्षेत्रमा धेरै अध्ययन र अनुसन्धान भएका छन् । ती अनुसन्धानले आवश्यक मार्गनिर्देशन गर्ने भएकाले ती अनुसन्धानका बारेमा अध्ययन गर्न जरुरी छ । नेपाली भाषालाई विद्यालय तहमा अनिवार्य गरेबाट अझ यसको उपयोगिता झन्झन बढ्दै गएको पाइन्छ । यहाँ २०८० सालमा प्रकाशित कक्षा दश को नेपाली भाषापाठ्यपुस्तकका कथा विधामा प्रयुक्त तत्सम शब्दमा केन्द्रित भई हालसम्म कसैले पनि नगरेको हुँदा यो अध्ययन गरिएको हो ।

यस अघि भट्टराई (२०६६) ले उक्त शोधपत्रमा तत्सम शब्दको अर्थ, ब्युत्पति, पदबर्ग उल्लेख गरेकी छिन्, त्यस्तै खड्का (२०६७) ले उक्त शोधपत्रमा अर्थ, ब्युत्पत्ति, पाठ पृष्ठसंङ्ख्या उल्लेख गरेकी छिन् । त्यसैगरि दाहाल (२०६७) ले त्यस शोधपत्रमा कुन-कुन पाठमा कति तत्सम शब्दको प्रयोग भएको छ, त्यसको जानकारी दिदै ती शब्दको शब्दवर्ग निर्माण प्रक्रिया, शब्दार्थ र पृष्ठसंङ्ख्या उल्लेख गरिएको छ ।

त्यसैगरी यादब (२०७०) ले उक्त शोधपत्रमा निबन्ध विधामा समावेश तत्सम शब्दको अर्थ, ब्युत्पत्ति, पाठ र पृष्ठसंख्या उल्लेख गरेका छन् । त्यसैगरी बस्नेत (२०७१) यस शोधपत्रमा पनि तत्सम शब्दको शब्दवर्ग, शब्द निर्माण प्रक्रिया, अर्थ, पृष्ठसंख्या उल्लेख गरिएको छ । त्यस्तै नेम्वाङ्ग (२०७१) ले उक्त शोधपत्रमा सम्पूर्ण शब्दसंङ्ख्या उल्लेख गरी उपसर्ग, पदवर्गको आधारमा विश्लेषण गरिएको छ ।

बराल (२०७४) ले उक्त शोधपत्रमा तत्सम शब्दको पहिचान, शब्दको बनोट प्रक्रिया, शब्दवर्ग आवृतिको अवस्था, पृष्ठसंख्या उल्लेख गरेकी छन् । माथि सम्पन्न गरिएका शोधपत्रमा कुनैमा तत्सम शब्दको शब्दवर्ग, अर्थ, शब्दनिर्माण प्रक्रिया, पाठ, तत्सम शब्दको आवृत्ति मध्ये कसैले शब्दवर्गलाई कसैले अर्थ र पृष्ठलाई त कसैले आवृत्तिलाई उपेक्षा गरेको पाइन्छ । तर यो कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन शीर्षकको शोधपत्रमा तत्सम शब्दको शब्दवर्ग, शब्द वनोट प्रक्रिया, अर्थ, पाठ, पृष्ठ संङ्ख्या र तत्सम शब्दको आवृत्तिको अवस्था जस्ता पक्षको जानकारी गरिने भएकाले यो बिशुद्ध मौलिक शोधपत्ररहेको छ ।

यस शोधपत्र कक्षा दशको पाठ्यपुस्तक अध्ययनरत विद्यार्थी र अध्यापनरत शिक्षकलाई प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने छ । यसका साथै पाठमा रहेका तत्सम शब्दको प्रयोग र ती पाठहरु कुन तहका लागि उपयुक्त हुन्छन् भन्ने कुराको जानकारी पाठ्यक्रम निर्मातालाई र अन्य सरोकारवालालाई पनि आवश्यक सहयोग प्रदान गर्नेछ । अतः यो शोधपत्र नीतिगत रूपमा पठनपाठनको क्षेत्रमा पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक लेखनमा कार्यान्वयन गर्न सकिनेछ ।

## २.३ सैद्धान्तिक र धारणात्मक संरचना

यस अनुसन्धानहरूलाई पूर्ण रूपमा तयार पार्न नेपाली बृहत् शब्दकोश (२०४०), तत्सम नेपाली व्युत्पत्ति शब्दकोष र कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकलाई आधार मानिएको छ ।

### क) स्रोतका आधारमा शब्द वर्गीकरण

कुनै पनि भाषामा शब्दभण्डार रहेको हुन्छ । ती बिभिन्न स्रोतबाट आएका हुन्छन् । भाषाले जुन ठाउँबाट शब्द ग्रहण गर्दछ, त्यसलाई स्रोत भनिन्छ । स्रोतका आधारमा मौलिक र आगन्तुक गरी दुई वर्गका शब्द भेट्टाउन सकिन्छ ।

**अ) मौलिक शब्द**

**आ) आगन्तुक शब्द**

### अ) मौलिक शब्द

नेपाली भाषाको जननीका रूपमा संस्कृत भाषा रहेको छ । यसको स्रोतको आधार संस्कृत भाषा नै हो । कुनै पनि भाषाका स्रोतबाट प्राप्त शब्दहरूलाई मौलिक शब्द भनिन्छ । नेपाली भाषामा मौलिक शब्दहरू संस्कृत भाषाबाट आएका छन् । संस्कृत भाषाबाट नेपाली भाषामा आएका शब्दलाई मौलिक शब्द भनिन्छ । मौलिक स्रोतमा पनि तत्सम, तद्भव र देशज गरी तीन प्रकारका शब्दहरू रहेको पाइन्छ ।

- **तत्सम शब्द**

  तत् र सम दुई शब्द मिलेर तत्सम शब्दको निर्माण भएको हो । तत् को अर्थ त्यो र सम् को अर्थ उस्तै वा बराबर हुन्छ । संस्कृत भाषाबाट रूप नफेरिई आफ्नो भाषामा आएर जस्ताको तस्तै चलेका शब्द (जस्तै : आकाश, सूर्य, दिन, प्रकाश, प्रवीण (ने.बृ.श/ने.श)

- **तद्भव शब्द**

  संस्कृतबाट पाकृत हुंदै नेपाली भाषामा आईपुग्दा अपभ्रंश भएर रूप फेरिएर प्रयोग भएका शब्द तद्भव शब्द हुन् । तद्भवको अर्थ त्यसबाट भएको भन्ने हो । संस्कृत भाषाबाट बिभिन्न चरणहरूमा परिवर्तित र विकसित हुंदै आएका शब्दहरूलाई तद्भव शब्द भनिन्छ । (बराल, २०६६ : २९) जस्तै :

| संस्कृत | पाकृत | नेपाली |
|---|---|---|
| अग्नि | अग्नि | आगो |
| कर्म | कम्भ | काम |

- **देशज शब्द**

  नेपाली भाषीहरुले उब्जाएका शब्दहरू चाहिं देशज शब्द हुन् । (पौडेल २०६६ : ३४) जस्तै : थपक्क, जुरुक्क, सलसल, ढसमस्स, टुपुलुक्क आदि ।

### आ) आगन्तुक शब्द

संस्कृत भन्दा बाहेकका र अन्य भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । आगन्तुक स्रोतमा भारोपेली परिवार र अभारोपेली परिवारबाट आएका शब्दहरू पर्दछन् । यी दुई प्रकारका छन् :

- **देशज शब्द**

  आफ्नै देशभित्रकै बिभिन्न प्रकारका भाषा तथा भाषिकाबाट नेपाली मानक भाषामा आएका शब्दहरू देशज आगन्तुक शब्द हुन् (पौडेल, २०६६ : ३४) जस्तै : घेवा, ल्होसार, क्वाटी, योमरी आदि ।

- **बिदेशज शब्द**

  नेपालमा बोलिने अन्य विदेशी भाषाको सम्पर्क र प्रभावबाट आवागमन भएका शब्दहरू आगन्तुक शब्द हुन् (पौडेल, २०६६ : ३४) जस्तै : जेल, मोटर, चाउचाउ, कैंची आदि ।

कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन शीर्षकमा यो शोधपत्रतयार गरिएको छ । बिभिन्न प्रकारका शब्दहरू मध्ये यस शोधपत्रमा तत्सम शब्दको मात्र अध्ययन गरिएको छ । यो शोधपत्र तयार पार्नुपूर्व कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको परिवर्तित पाठ्यक्रमको कथा विधाको तत्सम शब्दको अध्ययन नगरिएकाले यस शीर्षकमा अध्ययन गर्न आवश्यक देखिएको छ । यो शोधपत्रकक्षा दशको नेपाली भाषा पाठ्यपुस्तक अध्ययनरत विद्यार्थी र अध्यापनरत शिक्षक वा प्राध्यापक वर्गलाई लक्षित गरी तयार पारिएको छ ।

प्रस्तुत शोधपत्र त्रि.बि. शिक्षाशास्त्र संकाय, जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा शास्त्र विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश नेपाली ५९८ को प्रयोजनार्थ तयार गरिएको छ ।

# अध्याय तीन : अध्ययनको प्रक्रिया र विधि

## ३.१ अध्ययनको संरचना

कक्षा दशको नेपाली भाषापाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको सङ्ख्यात्मक खोजी गरेर त्यसको शब्द, शब्दवर्ग, व्युत्पत्ति, अर्थ र पृष्ठ छुट्याइएकोले प्रस्तुत शोधपत्रगुणात्मक प्रकृतिको रहेको छ । गुणात्मक रूपमा तत्सम शब्दको खोजी गरेर ती शब्दको शब्दवर्ग, बनोट, प्रक्रिया, वर्ग, अर्थ, पाठको शीर्षक, पृष्ठ संख्या आवृत्तिका आधारमा विश्लेषण गरिएको छ । तसर्थ यसमा पुस्तकालयीय कार्य, पाठ्यपुस्तक विधि, र विश्लेषण विधि अपनाईएको छ ।

## ३.२ जनसंङ्ख्या र नमूना

अनुसन्धान कार्य तथ्य, प्रमाण वा सामग्रीमा आधारित अध्ययन हो । यस शोधपत्रमा जनसंङ्ख्याको रूपमा कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा समाविष्ट भएका चार सय छैसट्ठी (४६६) तत्सम शब्दहरूलाई लिइएको छ ।

## ३.३ नमूना छनोट प्रक्रिया

यस शोधपत्रमा कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूलाई जनसंख्याको रूपमा लिई पुस्तकालयीय कार्य अपनाएर नमूना छनौट गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

यस शोधपत्रमा मूलतः प्राथमिक र द्वितीयक स्रोतका आधारमा तथ्याङ्क सङ्कलन गरिने भएतापनि यो शोधपत्र बिशेषगरी द्वितीयक स्रोतमा आधारित हुने हुनाले द्वितीयक स्रोतबाट नै तथ्याङ्क सङ्कलन गरिनेछ । यस शोधपत्रमा कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्द के-कस्ता छन् ? यसलाई वर्गका आधारमा छुट्याउन कुन विधि अपनाउने ? तत्सम शब्दको बनोट कस्तो छ ? अर्थ प्रस्तुति कस्तो छ ? जस्ता समस्याको समाधान द्वितीयक स्रोतबाट निकालिएको छ । यसमा कक्षा दशको नेपाली पाठ्यपुस्तक, बृहत् नेपाली शब्दकोश, तत्सम नेपाली व्युत्पत्ति शब्दकोश, शिक्षक सुझाव तथा निर्देशन र इन्टरनेटको समेत प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस शोधपत्र तयार गर्नको निम्ति मुख्य रूपमा पुस्तकालयीय कार्यबाट तथ्याङ्क सङ्कलन गरिनेछ । यस शोधपत्रमा कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको कथामा प्रयुक्त तत्सम शब्दहरू सङ्कलन गरिनेछ । ती तत्सम शब्दको विश्लेषणको निम्ति नेपाली बृहत शब्दकोश र तत्सम नेपाली व्युत्पत्ति शब्दकोशको प्रयोग गरिनेछ ।

## ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

यस शोधपत्रमा कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त भएका तत्सम शब्दहरु सङ्कलन गरेर तत्सम नेपाली व्युत्पत्ति शब्दकोश, नेपाली बृहत शब्दकोश र अन्य सम्बन्धित पुस्तकहरूबाट तत्सम शब्दको अर्थ, निर्माण प्रक्रिया, शब्दवर्गको स्थिति, तत्सम शब्दको अवस्था र आवृतिको अध्ययन र विश्लेषण गरिएको छ । पाठगत आधारमा शब्दको सङ्ख्या वा विवरण र आवृत्तिको स्थितिलाई तालिकामा देखाइएको छ । पाठ्यपुस्तक निर्माणमा आन्तरिक र बाह्य आधारमध्ये यो अध्ययन आन्तरिक आधारअन्तर्गत शब्दभण्डारको नियन्त्रणसँग विशेषरूपमा सम्बन्धित भएकाले शब्दश्रोतका आधारमा तत्सम वर्गका शब्द पहिचान, निर्माण प्रक्रिया, पदवर्ग निर्धारण र आवृत्तिगणना गरी विद्वान निर्देशक तथा विषयविज्ञसँग परामर्शसमेत लिई यो अध्ययन पूरा गरिएको छ ।

# अध्याय चार : नतिजा/परिणाम र छलफल

## ४.१ तत्सम शब्दको विश्लेषण

संस्कृत भाषा नेपाली भाषाको जननी भाषा हो । संस्कृत भाषाबाट धेरै शब्दहरू नेपाली भाषामा आएका छन् । संस्कृत भाषाबाट नेपाली भाषामा शब्दहरू आउने क्रममा जस्ताको तस्तै, अथवा कुनै पनि फेरबदल नभइकन आएका शब्दहरू नै तत्सम शब्द हुन् । -तत् + (त्यो) + सम (समान) = तत्सम (त्यो समान) ।

### ४.१.१ 'घरझगडा' कथामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण

कथाकार बदरीनाथ भट्टराई (बि.सं. १९६५-२०५२) इतिहास, वेद र पुराणलाई कथाको भिन्नाभिन्नै क्षेत्र बनाएर विगतका यथार्थ भित्रका अमूल्य र रोचक तथ्यमाथि प्रकाश पारी नेपाली कथा जगत्मा छुट्टै पहिचान कायम गर्न सफल कथाकार हुन् । विगतका घटना चरित्र, प्रवृत्ति टिपेर पनि समसामयिक समाजका निमित्त ती कुरालाई प्रेरणादायी बनाउन सक्नु उनको साहित्यिक खुबी हो । सामाजिक नीतिचेतना सच्चरित्रता, देशप्रेम, मानवतावाद, कर्तव्यबोध, सामाजिक सङ्गति आदि उनका ऐतिहासिक, पौराणिक र वैदिक कथाहरुका विषयगत परिधि हुन् । 'घरझगडा' पनि उनको ऐतिहासिक विषयवस्तुमा आधारित सन्देशमूलक घतलाग्दो कथा हो ।

'घरझगडा' कथामा तुलनात्मक रूपमा तद्भव शब्दकै बढी प्रयोग भएको पाइन्छ । कथामा तत्सम शब्दको प्रयोग पनि उल्लेखनीय रूपमा नै भएको पाइन्छ । कथामा प्रयोग भएका तत्सम शब्दलाई तालिममा निम्नअनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. १**

**'घरझगडा' कथामा प्रयुक्त तत्सम शब्दहरू**

| क्र.सं | शब्द | वर्ग | ब्यूत्पत्ति | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | दया | ना | मूल शब्द | अर्कामा आइ परेका दुःख पीडा आदिलाई अनुभव गरेर संवेदनशील हुने तथा उसप्रति उद्धार र सहयोग गर्ने मनोभाव वा वृत्ति । | १२ |
| २ | कुपात्र | ना | कु + पात्र | अयोग्य वा खराब ब्यक्ति, नालायक । | १२ |
| ३ | अमृत | वि | न+ मृ + तन् | नमर्ने, अविनाशी, अतिमिठो, अमर, सुधापियुष, परमेश्वर । | १२ |
| ४ | रूप | ना | रूप् + अच् | आँखाले थाहा पाइने कुनै व्यक्ति वा वस्तुको आकार र रङ वा वर्ण, अनुहार, चेहरा । | १२ |
| ५ | शमन | ना | शम् + ल्युट् (अन) | कुनै वाधा, विकार, उपध्रो आदिलाई शान्त पोर्न काम, शान्ति । | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | वैध | ना | विधा + अण् (अ) | आयुर्वेदीय विधि अनुसार रोगको निदान गर्ने वा रोगीको औषधी उपचार गर्ने व्यक्ति भिषक्, कविराज । | १२ |
| ७ | सहायता | ना | सहाय + तल् (त) टाप् ( अ) | कुनै काम कुरा राम्रो, चाँडो वा सफलतापूर्वक सम्पन्न गर्न दिइने आर्थिक, प्राविधिक, शारीरिक आदि मद्दत, सहयोग, आश्रय । | १२ |
| ८ | व्यक्तित्व | ना | व्यक्ति + त्तव | कुनै व्यक्तिको वैयत्तिक विशेषतालाई देखाउने गुण, विशेषता । | १२ |
| ९ | प्रभाव | ना | प्र + भू घञ् (अ) | उत्पन्न हुने वा जन्मने क्रिया, प्रादुर्भाव, कुनै व्यत्ति, वा वस्तुको शक्ति, सम्मान, अधिकार, पराक्रम आदिबाट अरू व्यक्ति वा वस्तुमा पर्ने असर, छाप । | १२ |
| १० | आकर्षित | वि | आ+ कृष् + णिचि+क्त (त) | आकर्षण गरिएको, घिच्चाइएको, तानिएको । | १२ |
| ११ | न्याय | ना | नि + इ + घञ् (अ) | सुहाउँदो वा उचित कुरो ; मनासिव तथ्य, इन्साफ ; निसाप, नीति । | १२ |
| १२ | शङ्का | ना | मूल शब्द | केही अनिष्ट होला कि भन्ने डर : आशङ्का, सन्देह : दोधार । | १२ |
| १३ | धन | ना | धा+ क्यु+अन | जीवन निर्वाहमा सहायता पुऱ्याउने र कमाउन वा प्राप्त गर्न परिश्रम पुँजी, समय लगाउनु पर्ने मूलयवान् पदार्थ, सम्पत्ति खेत, घर, जमिन, रुपिया, पैसा । | १२ |
| १४ | पुत्र | ना | पु+त्रा+क (अ) | छोरो । | १३ |
| १५ | स्नेह | ना | स्निह + घञ (अ) | आमाबाबु, अभिभावक वा मान्यजनहरुबाट आफू भन्दा साना व्यक्तिलाई प्रेम, माया । | १३ |
| १६ | मातृत्व | ना | मातृ + त्व | माता वा आमा हुनाको गुण अवस्था वा भाव । | १३ |
| १७ | वर्ष | ना | वृष् + अच् (अ) | दुई अयन, छ ऋतु र वाह्र महिना हुने कालको एक प्रसिद्द मान, संवत्सर, साल | १३ |
| १८ | षड्यन्त्र | ना | मूल शब्द | अरुको अनिष्ट गर्नका निम्ति गुप्त | १३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | रूपले गरिने जालझेल व्यवहार वा कारबाई, कपटपूर्ण आयोजन । | |
| १९ | कार्य | ना | कारि+यत् (य) | काम, कृत्य, काज । | १३ |
| २० | रूप | ना | रूप् + अच् | वस्तुको आकार र रङ वा वर्ण अनुहार, चेहरा | १३ |
| २१ | शासन | ना | शास् + ल्युट (अन) | सरकारले गर्ने कुनै देशको प्रबन्ध तथा सञ्चालन सम्बन्धी काम । | १३ |
| २२ | आशा | ना | आ + अश् + अच्+टाप् (आ) | चाहेको वस्तु पाउने इच्छा ; चाहना ; अभिलाषा । | १३ |
| २३ | अपराध | ना | अप् + राध् + घञ् (अ) | कसैको अपमान वा हानि नोक्सानी हुने काम कसुर, दोष । | १३ |
| २४ | संशोधन | ना | सम् + शुध + णिचि + ल्युट् (अन) | कुनै रचना वा लेखाइमा भएका अशुद्दिलाई राम्ररी शुद्द पार्ने काम, संशुद्दि, परितकार । | १३ |
| २५ | रसायन | ना | रस + इ + ल्युट (अन) | धातुलाई गालेर भस्म पार्ने वा एक धातु वा द्रव्यलाई अर्का वस्तुमा परिणत गर्ने विज्ञान, रसायनिक विधा र रसायनशास्त्र | १३ |
| २६ | प्रयन्त | ना | प्र + यत् + नङ् (न) | कुनै काम वा उद्देश्य पूरा गर्नका निमित्त गरिने कार्य, चेष्टा, उन्नति, प्रयास, कोसिस । | १३ |
| २७ | शत्रु | ना | मूल शब्द | चर्को वैमनस्य वा विरोध भएको व्यक्ति अथवा पक्ष, दुस्मन, वैरी, रिपु । | १३ |
| २८ | टिप्पणी | वि | टिप्पण + ङीष् (ई) | विशेष कुरा सम्झाउन टिपिने सानो लेख जल्दोबल्दो कुनै घटनाका वारेमा सम्पादकले प्रकट गरेको विचार । | १३ |
| २९ | मिश्र | वि | मिश्र + अच् (अ) | दुई वा धेरै पदार्थ एकै ठाउँ मिलाईएको घोलिएको, मिश्रित । | १३ |
| ३० | पर्वत | ना | पर्व + तप् (त) | पहाड, डाँडो, शैल, चट्टान । | १३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | अग्नि | ना | अङ्ग + नि | कुनै पदार्थ जलेर ताप, प्रकाश वा ज्वाला पैदा हुने पुञ्ज, द्रुत रूपले हुने प्रज्वलन कार्य वा प्रक्रिया, आगो । | १३ |
| ३२ | देश | ना | दिश् + अच (अ) | चारैतिर फैलिई अनेकौ गाउँ, सहर लिल्ला, अञ्चल वा प्रान्त मिलेर बनेको एक विशिष्ट भुभाग, मूलुक । | १३ |
| ३३ | रक्षा | ना | मूल शब्द | सङ्कट वा दुःखद अवस्थाबाट उद्दार गर्ने काम, बचाउ । | १३ |
| ३४ | आश्वासन | ना | आ + श्वस् + णिचि + ल्युट + (अन) | सास फेर्ने काम, भरोसा, पत्यार, विश्वास भर । | १३ |
| ३५ | मानवता | ना | मानव + तल् (त) + टाप् (आ) | मानव हुनाको भाव वा विशेषता, मनुष्य बन्न चाहिने गुण, मनुष्यत्व । | १३ |
| ३६ | परिस्थिति | ना | परि + स्था + क्तिन (ति) | कुनै घटना, काम आदिको वास्तविक तथा तर्फसङ्गत अवस्था । | १३ |
| ३७ | पतन | ना | पत् + ल्युट (अन) | माथिबाट तलतिरको खसाइ, गिराइ, नाश, मृत्यु । | १३ |
| ३८ | व्यक्ति | ना | वि + अञ्ज् + क्तिन् ( ति) | अरुभन्दा छुट्टै अस्थित्व भएको प्राणी । | १३ |
| ३९ | समाज | ना | सम् + अज् + घञ् (अ) | एउटै रहनसहन, व्यवस्था, धर्म आदि अँगाल्ने वा एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समूह । | १३ |
| ४० | किन्तु | संयो | तुद् + कु (उ) | तर, परन्तु, अपितु । | १३ |
| ४१ | मन्दिर | ना | मन्द् + किरच् (इर) | पुजा आदि गर्नाका लागि मूर्ति स्थापना गरिएको भवन, देवालय । | १३ |
| ४२ | अतीत | वि | अति + इ + क्त (त) | बितेको, गएको, भइसकेको, भूत । | १३ |
| ४३ | विचार | ना | वि + चर् + घञ् (अ) | कुनै समस्या, विषय वा स्थितिबारे गहिरिएर सोच्ने काम, मनमनै गरिने | १३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | चिन्तन, मनन । | |
| ४४ | शिर | ना | श्रि + असुन् (अस्) | शरीर आदिको उपल्लो भाग, टाउको माथ, मस्तक । | १३ |
| ४५ | शिखर | ना | शिखा + र | पर्वतको सबभन्दा माथिल्लो भाग, चुचुरो, टाकुरो । | १३ |
| ४६ | हत्या | ना | हत्या + टाप (आ) | पशुपंक्षी वा मान्छेलाई मार्ने काम, हिंसा, वध, हत्ते र प्राणीलाई मार्दा लाग्ने पाप । | १४ |
| ४७ | वैमनस्य | ना | विमनस् + ब्यञ् | मनोमालिन्य, शत्रुता, दुस्मनी, वैर, अन्यमनस्कता, खिन्नता, उदासी । | १४ |
| ४८ | तिल | ना | तिल् + क (अ) | लाम्चा मसिना पात हुन, सेता वा नीला फूल फूल्ने तीनपाते कोस फल्ने एक जातको अन्न वा त्यसको बोट र शरीरमा हुने सानो दाग वा चिन्ह, कोठी । | १४ |
| ४९ | कण | ना | कर्ण + घञ् (अ) | १. धूलो आदिको ज्यादै मसिनु खण्ड २. ढुङ्गा, अन्न आदि फुटेर बनेका ससाना टुक्रामध्ये कुनै एक (जस्तै : कनिका, च्याँख्ला आदि) । | १४ |
| ५० | पथ्य | ना | पथिन् + यत् (य) | १. बिरामीलाई खुवाउन हुने हलुका किसिमको खाना, पथ २. उपयुक्त एवं स्वास्थ्यकर आहार । | १४ |
| ५१ | वचन | ना | वच् + ल्युट (अन) | १. मानिसका मुखबाट निस्कने वा उच्चारित हुने कुनै पनि सार्थक शब्द, बोली, वाणी, भनाइ, कथन ।<br>२. पक्कापक्की गरिने कुरो, कबुल, प्रतिज्ञा । | १४ |
| ५२ | वाण | ना | वण् + घञ् (अ) | १. वास्तु वा मूर्तिमा प्रयोग हुने पाँच अमल बराबरको नाप, पाँच अङ्गुल २. मात्राको पाँचगुणा बराबरको नाप । | १४ |
| ५३ | घात | ना | हन् + घञ् (अ) | १. हातहतियारले कसैलाई मार्ने पिट्ने काम, चोट, प्रहार, आघात, हत्या, वध ।<br>२. धक्का, ठक्कर । | १४ |
| ५४ | प्रतिघात | ना | प्रति + हन् + घञ् (अ) | १. कसैले गरेको घातको बदलामा गरिने आघात ; कसैले आफूलाई प्रहार गरेमा बदलामा गरिने प्रहार ; प्रत्याघात | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | । | |
| ५५ | अन्त्य | वि | अन्त + यत् (य) | १. पछिल्लो ; पुछारको ;आखिरको ; अन्तिम ।<br>२. आखिरी अवस्था ; मर्ने बेला ; अन्तिम घडी । | १४ |
| ५६ | पाप | ना | पा + प (उण) | १. धार्मिक दृष्टिले खराव ठहरिने र इहलोक - परलोक दुवैमा अशुभ फल दिने कार्य ; कुकर्म ; पातक ।<br>२. कुकृत्यको फल ; कुकर्मको परिणाम । | १४ |
| ५७ | फल | ना | फल् + अच् | १. ऋतुकाल अनुसार रुख, लहरा आदिमा पहिले फूल फुल्ने र पछि तिनै फूलसँग सम्बद्ध भएर निस्की विकसित हुने बोक्रा, गुदी र बीजले युक्त वस्तु र कुनै कार्य विशेषको परिणाम ; नतिजा ; लाभ । | १४ |
| ५८ | चित्त | ना | चित्+क्त (त) | १. मन ; हृदय ; दिल २. बिचार ; चिन्तन ; इच्छा । | १४ |
| ५९ | व्यवहार | ना | वि + अव + हृ + घञ् (अ) | १. पारिवारिक वा सामाजिक जीवनमा एउटा व्यक्तिले अरुसित गर्ने आचरण २. चालचलन । | १४ |
| ६० | मन | ना | मन् + असुन् (अस्) | १. प्राणीहरूको अनुभव ; इच्छा, बोध, विचार सङ्कल्प - विकल्प आदिलाई नियन्त्रित तथा परिचालित गर्ने अन्तकरणको अंश वा वृत्ति ; नाक, कान, आँखा आदिबाट थाहा पाइने कुराबाट आफूलाई प्रभावित पार्ने आन्तरिक इन्द्रिय, चित्त । | १४ |
| ६१ | धार | ना | धारि + अच् | १. नदी वा समुन्द्रको पानीको प्रवाह ; पानी आदीको बगाइ २. वर्षाकालमा जम्मा गरिएको पानी । | १४ |
| ६२ | कष्ट | ना | कष् + क्त (त) | १. कुनै अभाव वा न्युनताका कारणले हुने नरमाइलो तथा दुःखको अनुभव ; दुःख ; पीडा २. आपद् ; सङ्कट | १४ |
| ६३ | व्याधा | ना | मूल शब्द | १. मासु खान वा मनोविनोद गर्न जङ्गली पशुपंक्षीलाई मार्ने व्यक्ति; जङ्गली पशुपंक्षीलाई मारेर जीविका चलाउने | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | व्यक्ति ; सिकारी । | |
| ६४ | दुःसाहस | ना | मूल शब्द | १. कुनै दुष्कर वा असम्भव काम गर्न देखाइएको साहस २. असफल प्रयास, व्यर्थको हिम्मत । | १४ |
| ६५ | घनघोर | वि | हन् + अप् + घुर + णिचि + अच् | १. उत्पातको ; ज्यादै घना ; धेरै बाक्लो २. डरलाग्दो आवाज । | १४ |
| ६६ | लक्ष्मण | ना | लक्ष्मन् + अण् (अ) | १. राजा दशरथकी कान्छी रानी सुमित्रा पट्टिका जेठा पुत्र, शत्रुघ्नका दाजु । | १४ |
| ६७ | सीता | ना | सीत + टाप् (आ) | १. जोत्दा जमिनमा परेका हलाको डोब । २. मिथिलाका राजा जनकले पाएकी छोरी, रामकी पत्नी । ३. प्रतिव्रताधर्म पालन गर्ने नारी । | १४ |
| ६८ | अथवा | संयो | मूल शब्द | १. शब्द, वाक्य र वाक्यांशमा विकल्प जनाउने अव्यय, वा कि (उदा - राम अथवा श्याम, यो काम हुन्छ अथवा हुदैन इ.) क्रि.वि. २. सुबिस्ता ; सन्चो । | १४ |
| ६९ | राजकुमार | ना | राजन् + कुमार | १. राजाको पुत्र ; राजाको छोरो ; शाहजादा २. रौतेलो ; कुमार ; कुँवर ;कमर । | १४ |
| ७० | शपथ | ना | शप् + अथ | १. कुनै कामकुरो हो-होइन वा गर्ने नगर्ने भन्ने विषयमा बोलिने वचन; धर्म भकाइ; किरिया ; प्रतिज्ञा २. संविधान अनुसार कुनै उच्च पदभार ग्रहण गर्दा गरिने प्रतिज्ञा । | १४ |
| ७१ | राजनीति | ना | मूल शब्द | १. प्रजाको शान्ति सुरक्षा कायम गर्ने, मौलिक अधिकारको कदर गर्ने, राज्यको शासन व्यवस्थाको प्रणाली निर्धारण गर्ने, राष्ट्रिय र अन्तराष्ट्रिय नीतिको उपयुक्त सन्तुलन गर्ने र यस्तै अन्य कार्य गर्ने निति । २. राज्यको शासन - व्यवस्था सम्बन्धी निति ; राज्य-सञ्चालन - प्रणाली । | १४ |
| ७२ | कुल | ना | कुल + क | १. पिता-पुर्खादेखिको एउटै, गोत्र, | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (अ) | सम्बन्ध आदिको घराना ; वंश २. जाति बन्धुहरू को समूह ; बिन्द्रालो ; खानदान । | |
| ७३ | अनुभव | ना | अनु + भू + अप् (अ) | १. इन्द्रिय वा स्नायुहरुका माध्यमबाट उत्पन्न उद्दीपनको फलस्वरूप प्रकट हुने मानसिक अनुक्रिया ; अनुभूति ; संवेदन<br>२. पाँचै इन्द्रियले भोगी केही कुरो चाल पाउने क्रिया वा त्यसरी चाल पाएको ज्ञान । | १४ |
| ७४ | सिंह | ना | सिच् + क् (अ) | १. गर्दनमा लामालामा जगर हुने, बलियो एक हिंस्रक जङ्गली प्राणी ; शेर; केशरी २. बाह्रवटा राशि मध्येको पाँचौं राशि ; कर्कट र कन्याको बीचको राशि । | १४ |
| ७५ | दृष्टि | ना | दृश् + क्तिन (ति) | १. हेरेर ज्ञान प्राप्त गरिने वा जानिने - बुझिने भाव, वृत्ति वा शक्ति ; हेर्ने काम ; हेराइ ; अवलोकन । हेर्ने इन्द्रिय ; आँखा ; नयन ; नेत्र । | १४ |
| ७६ | ढाल | ना | ढ + आ + ल + अ | १. युद्धमा हतियारहरुको चोट रोक्नाका लागि छातीमा भिरिने गैंडाको छाला वा फलामको थालका आकारको साह्रो, बलियो एक उपकरण<br>२.परिवार नियोजनका निम्ति पुरुषेन्द्रियमा खोलका रूपमा प्रयोग गरिने एक प्रकारको अस्थायी साधनको नाम : कन्डम । | १५ |
| ७७ | ज्वाला | ना | ज्वाल + टाप् (आ) | १. बलेको आगाबाट उठ्ने लप्को ; आगाको राँको ; मुस्लो २. जल्ने वा पोल्ने क्रिया ; ताप ; जलन, डाह ३. जीउभित्रको पीडा ; सोला । | १५ |
| ७८ | व्याधि | ना | वि + आ + धा + कि ( इ) | १. शारीरिक रोग ; व्यथा २. सङ्कट ३. वेदना पीडा ४. साहित्यमा एक सञ्चरी भाव साहित्यमा पूर्वरागका दस दशामध्ये एक । | १५ |
| ७९ | नागिनी | ना | मूल शब्द | १. पोथी सर्प ; सर्पिणी २. पिठिउँको बाङ्गोटिङ्गो, सर्पाकार रोमरेखा भएकी स्त्री ; पिठिउँमा नागबेली परेका रौं | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | भएकी स्त्री । | |
| ८० | पताल | ना | मूल शब्द | १. पौर्वात्य परम्परा अनुसार पृथ्वीका तलतिर रहने सात लोकमध्ये सबभन्दा तल्लो लोक पत्ताल ; नागलोक २. पृथिवी भन्दा तलको कुनै लोक । | १५ |
| ८१ | आकाश | ना | आ + काश् + घञ् (अ) | १. पृथ्वी तथा ग्रह-नक्षत्रका बीचको मास्तिर हेर्दा खुला र नीलो देखिने शून्य अपार स्थान : आकास ; सगर ; आसमान, अन्तरिक्ष २. गणितमा शुन्यको पयार्य । | १५ |
| ८२ | शक्ति | ना | मूल शब्द | १. तन, मन, वा धनका रूपमा रहने सामर्थ्य जोड ; बल ; तागत ; पराक्रम २. राज्यमा रहने प्रमख तत्व (प्रमुख उत्साह, मन्त्रणा आदि) । | १५ |
| ८३ | महालक्ष्मी | ना | महती + लक्ष्मी | १. नारायणकी आदिशक्ति ; लक्ष्मी २. दुर्गा पुजाको अवसरमा महालक्ष्मी बन्ने कन्या । | १५ |
| ८४ | गति | ना | गम् + क्तिन् (ति) | १. एक स्थिति, रूप आदिबाट अर्को स्थिति रूप आदि सम्मको परिवर्तन वा एक ठाउँ देखि अर्को ठाउँसम्मको गमन ; चाल; हिँडाइ सराइ, वेग २. कुनै पनि वस्तु वा प्राणीको दशा ; अवस्था । | १५ |
| ८५ | जननी | ना | जन् + अनि | १. आमा ; माता ; जननी २. जन्म ; पैदा प्रजनन । | १५ |
| ८६ | नारी | ना | नार + ङीन् (ई) | १. स्त्री ; महिला ; आइमाई ( नारा +ई घोडा को मुखभित्र हालिने लगामको एक प्रकारको काँडादार फलामे अवयव । | १५ |
| ८७ | अवतार | ना | अव + तृ+ घञ् (अ) | १. जन्म लिने वा शरीर धारण गर्ने क्रिया । देवताहरुले मनुष्य वा अरु प्राणीहरुको शरीरमा जन्म लिने क्रिया ; पुराण अनुसार बिष्णु भगवानका चौबीस अवतार (ब्रम्हा, वराह, नारद, नरनारायण, कपिल, दत्तात्रेय, यज्ञ, ऋषभ, पृथु, मत्स्य, कूर्म ,धन्वन्तरि मोहिनी, नृसिंह, वामन, परशुराम, वेदब्यास, राम, बलराम, कृष्ण, बुद्ध, कल्कि, हंस र हयग्रीव । | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८८ | सम्भावना | ना | सम्भावना + टाप (आ) | १. कुनै कुरा पूरा हुन सक्ने वा घटना आदि घटित हुने स्थिति २. एक कुरा हुँदा त्यसको सिलसिलामा अर्को कुरा हुन सक्ने अवस्थाको वर्णन गर्दा हुने एक अर्थालङ्कार । | १५ |
| ८९ | उपचार | ना | उप + चर् + घञ् (अ) | १. बिरामीका छेउमा रहेर रोग निको पार्नका निम्ति गरिने उपाय वा कार्य ; ओखतीमूलो ; इलाज ।<br>२. बिरामीको सेवा-शुश्रूषा वा टहल-चाकरी । | १५ |
| ९० | व्यक्तिगत | वि | व्यक्ति + गत | १. कुनै एक व्यक्तिसँग मात्र सम्बन्ध भएको, एक जनासित मात्र सम्बन्ध राख्ने,एक व्यक्तिको । | १५ |
| ९१ | विरोध | ना | वि + रुध् + घञ् (अ) | १. कुनै कामकारवाई रोक्नका निम्ति गरिने कोसिस ; विपरीत प्रयत्न, २. विभिन्न तर्क वा विचारको विपरीत भावना ; प्रतितर्क ; प्रति बिचार । | १५ |
| ९२ | मूर्ति | ना | मुर्च्छ् + क्तिच् (ति) | १. प्राणीको शरीर, जीउ २. कल्पित वा परम्परामान्य आकारका अनुरूप स्थापना गरिएका देवदेवीका आकृति ; प्रतिमा;प्रतिमूर्ति । | १५ |
| ९३ | श्रद्धा | ना | श्रत् + धा + अङ् (अ) + टाप् (आ) | १. देखिएको वा नदेखिएको कुनै पनि आदर्श गुण, विशिष्ट कुरा, महत्व, शक्ति आदिबाट मन प्रभावित भई तिनका प्रति उत्पन्न हुने आदर्शपूर्ण भावना, ईश्वर, धर्म आदि र आफ्ना पूज्य तथा मान्यजनप्रतिको सद्भाव ; आस्था ; निष्ठा, विश्वास, भक्तिभाव २. अत्रि ऋषिकी पत्नी । | १५ |
| ९४ | घात | ना | हन् + घञ् (अ) | १. हातहतियारले कसैलाई मार्ने पिट्ने काम; चोट ; प्रहार ; आघात ; हत्या ; वध २. धक्का, ठक्कर । | १५ |
| ९५ | प्रतिघात | ना | प्रति + हन् + घञ (अ) | १. कसैले गरेको घातको बदलामा गरिने आघात ; कसैले आफूलाई प्रहार गरेमा बदलामा गरिने प्रहार ; प्रत्याघात - प्रतिघात/ प्रतिघाती/वि. प्रतिघाती गर्ने। | १५ |
| ९६ | भविष्य | ना | मूल शब्द | १. वर्तमान समयभन्दा पछिको सम्पूर्ण | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अथाह समय २. पछि आउने समय ; अहिले भन्दा पछि । | |
| ९७ | बाध्य | वि | बाध् + व्यत् (य) | १. नियम, विधि, वचन आदिले बाँधिएको वा नगरी नहुने स्थितिमा परेको, विवश तुल्याइएको २. रोक लगाइएको, छेकिएको । | १५ |
| ९८ | सेना | ना | सेन् + टाप् (आ) | १. युद्ध, शान्ति सुरक्षा आदिका निम्ति तालिम दिई तैनाथ गरिएका सशस्त्र सैनिक जवानको समुदाय ; फौज ; पल्टना । | |
| ९९ | बेला | ना | वेल + टाप् (आ) | १. समय ; काल ; बखत २. संयोग ; सन्जोग ; मौका ;अवसर । | १५ |
| १०० | प्रयोग | ना | प्र + यज् + धञ् (अ) | १. कुनै वस्तु वा बिषयलाई व्यवहारमा लगाउने कार्य ; उपयोग २. नीति, सिद्धान्त आदिको स्थापना गरी कार्य रूपमा ल्याउने प्रक्रिया ; परीक्षण । | १५ |
| १०१ | सदुपयोग | ना | सत् + उपयोग | १. कुनै विषयबस्तुलाई राम्रो किसिमले व्यवहारमा ल्याउने वा लगाउने काम ; उचित उपयोग (उदा.- विद्यार्थीले पुस्तकको) । | १५ |
| १०२ | वास्तव | ना | वस्तु + अण् (अ) | १. वस्तुतथ्य ; यथार्थ कुरा, साँचो भनाइ । वि. २. सत्य ; यथार्थ ;वास्तविक । | १५ |
| १०३ | देवर | ना | मूल शब्द | १. लोग्नेको भाइ ; पतिका भाइ पर्ने व्यक्ति | १५ |
| १०४ | मानवता | ना | मानव + तत् (त)+टाप् (अ) | १ं मानव हुनाको भाव वा विशेषता ; मनुष्य बन्न चाहिने गुण ; मनुष्यत्व । | १५ |
| १०५ | सती | ना | सत् + ङीप् (ई) | १ आफ्ना पति बाहेक परपुरुषको कामना नगर्ने स्त्री, पत्रिव्रता ; साध्वी २. पतिको शवसंगै चितामा जलेर मर्ने स्त्री । | १५ |
| १०६ | जित | वि | जि + क्त (त) | १. वशमा पारिएको; कब्जामा लिइएको जितिएको; पराजित ; विजित (उदा. जित प्रदेश) २. वशमा पारेको (उदा. | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | जितलोभ, जितमोह )। | |
| १०७ | वेदना | ना | वेदन + टाप (आ) | १. चोटपटक लाग्दा वा कुनै दुःखदायी घटना घट्दा हुने शारीरिक वा मानसिक कष्ट २. पीडा, दुःख आदिको तीव्र अनुभूति । | १६ |
| १०८ | धारा | ना | धार + टाप् (आ) | १. पानी वा पन्यालो पदार्थको लगातारको बहाइ; प्रवाह; धारा २. निरन्तर चलिहरेका कुनै कुराको क्रम। | १६ |
| १०९ | पूर्व | | पूर्व् + अच् | १. प्रातः कालमा सूर्योदय हुने क्षितिजको भाग ; सूर्य उदाउने दिशा, पश्चिमको विपरीत दिशा ।<br>२. अघिल्लो समय । | १६ |

कथाकार बदरीनाथ भट्टराईद्वारा लिखित कथा 'घरझगडा' मा तत्सम, तद्भव र आगन्तुक गरी जम्मा ९८१ वटा शब्द रहेको पाइन्छ । जसमध्ये ११० ओटा तत्सम शब्द रहेका छन् । प्रतिशतका दृष्टिले ११.२१ प्रतिशत तत्सम शब्दको प्रयोग कथामा गरिएको छ । ऐतिहासिक विषयवस्तुमा तयार भएको प्रस्तुत कथामा तत्सम शब्दको प्रयोग स्वभाविक रूपमा भएको देखिन्छ । यस कथामा आवृत्ति भएका शब्दलाई तालिकामा निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. २**

**शब्द आवृत्ति**

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| अमृत | २ | व्यवहार | २ |
| विष | ४ | मन | ३ |
| सहायता | २ | राजकुमार | २ |
| पुत्र | २ | ढाल | २ |
| स्नेह | २ | ज्वाला | २ |
| षड्यन्त्र | २ | शक्ति | २ |
| रूप | ३ | घात | २ |
| आशा | २ | प्रतिघात | २ |
| शत्रु | २ | वेला | २ |
| पर्वत | २ | देश | ३ |
| रक्षा | २ | विचार | ४ |
| तिल | ३ | कर्ण | २ |

| १७४ | महालक्ष्मी | ना | महती + लक्ष्मी | १. नारायणकी आदिशक्ति ; लक्ष्मी २.दुर्गापुजाको अवसरमा महालक्ष्मी बन्ने कन्या । | १४८ |
| १७५ | रूप | ना | रूप् + अच् | १. आँखाले थाहा पाइने कुनै व्यक्ति वा वस्तुको आकार र रङ वा वर्ण, अनुहार, चेहरा । २. आकृति, शरीर, देह । | १४८ |
| १७६ | कार्यविधि | ना | मूल शब्द | १. नियम, ऐन कानुनमा उल्लेख भए अनुसारका कार्य प्रणाली, कामको सवाल वा सिद्धान्त । | १४८ |
| १७७ | अनुसार | ना | मूल शब्द | १. इसारा, सान, अन्सार ।<br>२. लख, अडकल, न.यो. | १४८ |
| १७८ | एकादशी | ना | एकादशम् + डट्+ङीप् (ई) | १. हरेक महिनाको शुक्ल र कृष्ण पक्षको एघारौं तिथि; दशमी पछिको तिथि । | १४८ |
| १७९ | भागवत | ना | भागवत् + भगवती + अष् (अ) | १.अठार महापुराण मध्ये विशेषत कृष्णका कथाहरुको वर्णन गरिएका एक प्रसिद्ध महापुराण २.भागवत् अर्थात् विष्णु सम्बन्धी । | १४८ |
| १८० | उत्तर | ना | उत् + तख् (तर) | १. कुनै प्रश्न, शङ्का आदिको समाधानका निम्ति भनिने कुरो जवाफ । २. परीक्षामा सोधिएका प्रश्नका सम्बन्धमा लिखित वा मौखिक रूपमा दिइने वयान वा कुरा । | १४८ |
| १८१ | विद्यार्थी | ना | विधा + अर्थ + णिनि (इन) | १. नियमित रूपले विधाको आर्जनमा लागिरहने व्यक्ति, शिक्षण संस्थामा अध्ययनरत व्यक्ति, छात्र शिष्य ।<br>२. कुनै विषयवारे खोज अध्ययन गर्ने | १४८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | व्यक्ति विद्वान । | |
| १८२ | पाठ | ना | पठ् + घञ् (अ) | १. पढ्ने कार्य वा काम, पढाइ<br>२. नियम वा विधिपूर्वक कुनै धार्मिक ग्रन्थ आदि बाच्ने काम । | १४८ |
| १८३ | व्यथा | ना | व्यथ् + अङ् (आ + टाप् (आ) | १. मानसिक वा शारीरिक रूपमा हुने पीडा, कष्ट, पीर, चिन्ता ।<br>२. बिमारी, बिसन्चो । | १४८ |
| १८४ | रमा | ना | रम + टाप् (आ) | १. विष्णुकी शक्ति, लक्ष्मी<br>२. धर्मपत्नी, गृहिणी | १४८ |
| १८५ | कष्ट | ना | कष् + क्त (त) | १. कुनै अभाव वा न्यूनताका कारणले हुने नरमाइलो तथा दुःखको अनुभव ; दुःख , पीडा । २. आपद् ; सङ्कट । | १४९ |
| १८६ | पुनर्मिलन | ना | पुनर् + मिल् + ल्युट (अन) | १. एकपल्ट बिछोड भइसकेका को फेरिफेरि भेट हुने क्रिया वा काम | १४९ |
| १८७ | दुःख | ना | दुःख + अच् | १. शारीरिक वा मानसिक रूपमा हुने पीडा, क्लेश । २. वेदना, छटपटी , | १४९ |
| १८८ | स्वर | ना | स्वृ + विच् | १. प्राणीहरूका उच्चारण अवयवहरू बाट वा एक वस्तुको अर्को वस्तुमा आघात पर्दा निस्कने कोमलता तीब्रता, आरोहअवरोह आदिले युक्त ध्वनि ; आवाज, शब्द । | १४९ |
| १८९ | जीवन | ना | जीव् + ल्युट (अन) | १. प्राणीको जन्मदेखि मृत्युसम्मको समय ; जिन्दगी ।<br>२. शरीरमा प्राण रहेसम्मको अवस्था प्राणीको जीवित अवस्था, प्राणवान् अवस्था । | १४९ |
| १९० | प्रति | ना. यो | प्रथ् + डति | १. तिर, तर्फ, पट्टि २. माथि, उपर । | १४९ |
| १९१ | अत्याचार | ना | आ + चर् + घञ् (अ) | १. अर्काउपर गरिने दबाउ, थिचोमिचो २. नियमकानुन नाघेर कमजोर उपर गरिने अन्याय, जोरजुलुम, उधुम, अतिचार । | १४९ |
| १९२ | अपराध | ना | अप + राध् + घञ् (अ) | १. कसेको अपमान वा हानि नोक्सानी हुने काम । २. कानुन विरुद्धको काम ; धार्मिक दृष्टिबाट गर्न नहुने आचरण । | १४९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १९३ | क्षमा | ना | क्षम् + टाप् (आ) | १. अरूले दिएका दुःखको साटो फेर्ने विचार छाडी त्यस लाई सहने मानिसका मनको भावना वा वृत्ति, दोषीलाई छाडिदिने वा आफ्नो भूल स्वीकार गर्ने त्यस्तै भाव, माफी, क्षान्ति । २. सहिष्णुता, सहनशीलता । | १४९ |
| १९४ | शरण | ना | शृ + ल्युट (अन) | १. कठिन वा दुःखद अवस्थामा कसैबाट रक्षित हुने तथा कसैको आधार लिन पाउने काम, आड लिएर गरिने रक्षा, आश्रय । | १४९ |
| १९५ | अङ्ग | ना | अङ्ग + अच | १. कुनै सिङ्गो वस्तु, प्रणाली वा संरचनाका अवयव वा हिस्सा २. शरीरका भिन्न भिन्न भाग शरीर, जीउ, आङ । | १४९ |
| १९६ | अनन्य | वि | मूल शब्द | पराई नभएको, अभिन्न, आत्मीय आफ्नो स्वकीय । | १४९ |
| १९७ | पुण्य | ना | पु + यण् (य) | १. धार्मिक विश्वास अनुसार असल काम वा परोपकारबाट प्राप्त हुने शुभ फल । २. धार्मिक दृष्टिबाट शुभ फल दिने काम धर्म - कार्य । | १४९ |
| १९८ | तपस्या | ना | तपस्य + अ | १. कुनै इच्छापूर्ति गर्न वा मानसिक शुद्धि गर्नाका लागि एकचित भएर नियमपूर्वक गरिने कठिन कार्य वा प्रयत्न तप २. ब्रहाचर्य । | १४९ |
| १९९ | अनिष्ट | वि | इष् + क्त (त) | १. नचाहेको, नचिताएको, मन नपरेको, अभीष्ट नभएको, इच्छाको प्रतिकुल, इच्छा बिरुद्ध, इच्छाको विपरीत, इच्छा गरेभन्दा उल्टो । २. खराब, अहितकर, हानिकारक । | १४९ |
| २०० | कदापि | क्रि. वि | मूल शब्द | १. कहिल्यै, कुनै बखतमा पनि । २. केही गरेर पनि, कुनै हालतमा पनि, किमार्थ । | १४९ |
| २०१ | वैध | वि | विधि + अण् (अ) | १. नियमकानुन अनुसार बनेको वा भएको, विधिपूर्वकको, विधान अनुसारको, नियमकानुनसँग नबाझ्ने । | १४९ |

| | | | | | |
|---|---|---|---|---|---|
| २०२ | देश | ना | दिश्+ अच्/ घञ् (अ) | १. चारैतिर फैलिई अनेकौं गाउँ, सहर, जिल्ला, अञ्चल वा प्रान्त मिलेर बनेको एक विशिष्ट भूभाग मूलुक । २. कुनै ठाउँ वा स्थान । | १४९ |
| २०३ | औषधी | ना | ओषधी + अण् (अ) | १. रोग निको पार्ने वा शरीर तन्दुरुस्त पार्ने वस्तु ओखती २. उपाय, प्रयत्न । | १४९ |
| २०४ | व्यवस्था | ना | मूल शब्द | १. जस्तो हुनुपर्ने हो ठिक त्यस्तै अवस्था, राम्रो हालत इन्तजाम, प्रबन्ध २. रीतिस्थिति चालचलन । | १४९ |
| २०५ | घटना | ना | घट् + णिचि + युच् (अन) + टाप् (आ) | १. अकस्मात् भएको कुनै पनि कुरो वा कारबाई, काण्ड, पर्व । २. मारपिट, वारदाता । | १४९ |

कथाकार गुरूप्रसाद मैनालीद्वारा लेखिएको ‘कर्तव्य’ कथामा जम्मा २१०० शब्दहरू प्रयोग भएका छन् । जसमध्ये २०५ ओटा शब्दहरू तत्सम शब्द रहेका छन् । प्रतिशतका हिसाबले ९.७६ प्रतिशत तत्सम शब्दको प्रयोग यस कथामा भएको पाइन्छ। समाजमा घट्ने यथार्थ घटनालाई आधार मानि लेखिएको यस कथामा अन्य कथाको तुलनामा तत्सम शब्दको प्रयोग कम पाइएको हो । यस कथामा आवृत्ति भएका शब्दहरूलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. : ६**

**आवृत्ति भएका शब्दहरू**

| **शब्द** | **आवृत्ति** | **शब्द** | **आवृत्ति** | **शब्द** | **आवृत्ति** |
|---|---|---|---|---|---|
| दिन | ११ | पण्डित | ५ | सन्तान | ५ |
| महान् | २ | विख्यात | २ | पक्ष | ४ |
| सम्पत्ति | ३ | चन्दन | २ | प्रभाव | २ |
| मात्र | १० | धनी | ३ | अन्तिम | २ |
| अन्याय | ३ | जिउनी | ८ | आज्ञा | ३ |
| निमित्त | २ | विषय | २ | परस्पर | २ |
| दश | ३ | विवाद | ३ | विसर्जन | २ |
| न्याय | ४ | वेला | ५ | आधार | ३ |
| धर्म | ३ | निर्णय | २ | परोहित | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| कुटुम्ब | ५ | एक | १० | रमा | २ |
| वर्ष | ४ | कर्म | ३ | जीवन | २ |
| यति | ४ | कुल | ३ | औषधी | २ |
| मन | ४ | मुख | ४ | देश | २ |
| मण्डप | ६ | कन्या | २ | यज्ञ | ५ |
| विवाह | २ | विधि | ३ | प्रकार | ३ |
| विहा | ४ | | | | |

'कर्तव्य' कथामा ४७ वटा तत्सम शब्दहरू आवृत्ति भएको पाइन्छ । जसमध्ये 'दिन' शब्द सबैभन्दा बढी ११ पटक आवृत्ति भएको देखिन्छ भने महान्, निमित्त, विख्यात, चन्दन, विषय, निर्णय, प्रभाव, अन्तिम, परस्पर, विसर्जन, सम्पन्न, कन्या, रमा, जीवन, औषधी, देश सबैभन्दा कम २ पटक मात्र आवृत्ति भएको पाइन्छ ।

### ४.१.४ 'आयाम' कथामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण

सुधारवादी साहित्यकारका रूपमा परिचित बिना थिङ (१९८०) अगष्ट २६ जन्मस्थान हेटौडामा भएको हो । उनले समाजमा व्याप्त विकृति विसंगतिमाथिको व्याङ्यात्मक प्रतिबिम्बहरु रचनात्मक ढंगले पोख्छिन् । नारीको पिडा र खुसीसहितको जीवनशैली, सामाजिक सचेतना, समग्र विषयगत तवरले सुधारवादी साहित्यकारका रूपमा देख्न सकिन्छ । थिङले २०६९ सालमा 'छुकी' कथासंग्रह, २०७२ सालमा 'रातो घर' कविता संग्रह र २०७७ मा 'याम्बुनेर' कथा संग्रह प्रस्तुत गरेकी छन् ।

थिङको आयाम कथा पनि विषयवस्तुका हिसावले अन्यको तुलनामा फरक कथा छ । आधुनिक समयको व्यस्त दिनचर्या, अन्य कथा पात्रहरुको तुलनामा सचेत र सुकिला पात्रहरुको प्रयोग र बिरलै भेटिने प्रसंगहरुले प्रेमकथा र कथाको "ह्याप्पी इन्डिङ्ग" । अन्य कथाहरूमा पात्रहरूलाई उनीहरूकै दुःखको हालतमा छोडिदिने कथाकारले यहाँ भने पात्रहरूलाई एउटा मञ्जिल दिइएको पाइयो । यस कथाले आजको समयमा हामी अलिकति खुला हृदय र मानसिकता लिएर बाँच्नुपर्छ भन्ने सिकाउँछ ।

आयाम कथामा विभिन्न किसिमका शब्दहरूको सान्दर्भिक प्रयोग गरिएको छ । जसमा तत्सम शब्दको पनि प्रयोग भएको पाइन्छ । यस कथामा प्रयोग भएको तत्सम शब्दहरूलाई तालिकामा यसरी देखाउन सकिन्छ ।

## तालिका नं. ७
## आयाम कथामा प्रयुक्त शब्दहरू

| क्र.सं | शब्द | वर्ग | ब्यूत्पत्ति | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | व्यस्त | वि | वि + अस् + क्त (त) | १. कुनै काममा एकाग्रतासाथ संलग्न रहेको ; काम काजले गर्दा बेफुर्सद रहेको । | २१८ |
| २ | दृश्य | वि | दृश् + क्यप् (य) | १. हेर्न वा देख्न सकिने, देखिने चाक्षुसु । दृश्य जगत् वा दृश्यवस्तु । २. ठीकसँग जान्न वा बुझ्न सकिने ज्ञेय र स्पष्ट । | २१८ |
| ३ | कार्यालय | ना | मूल शब्द | १. कुनै विशेष काम वा व्यवसाय गर्ने घर, कारखाना घर । २. प्रशासन सम्बन्धी कामकुरा गर्ने निश्चित ठाउँ, अड्डा । | २१८ |
| ४ | लगभग | क्रि. वि | लग् + भग् | १. पुगनपुग, झन्डैझन्डै, नजिक । | २१८ |
| ५ | अनेक | वि. | इ + कन् (क) | १. दुई वा दुई भन्दा बढी, धेरे कैयौँ । २. असङ्ख्य, अनगन्ती बेगन्ती । | २१८ |
| ६ | आकृति | ना | आ + कृ + क्तिन् (ति) | १ं कुनै वस्तु वा व्यक्तिको स्वरूप, आकार, अनुहार । २. बान्की, बनावट । | २१८ |
| ७ | मात्र | क्रि. वि | मा + त्रन् (त्र) | १. केवल, खालि, एक्लै, मात्रै, मात्तै । | २१८ |
| ८ | गतिविधि | ना | मूल शब्द | १. कुनै पनि व्यक्ति, कामकुरा आदिको व्यवस्था वा स्थति, प्रकृतिका सम्पूर्ण पक्षमा हेरफेर भइरहने रङ्गढङ्ग । २. चालचलन, हिँडाइचलाइ, हालचाल, चेष्टा । | २१८ |
| ९ | समेत | ना. यो | सम् + आ + इ + क्त (त) | १. सहित, सुद्ध । २. कसैका साथ लागेको वा मिलेको, युक्त । | २१८ |
| १० | वेला | ना | वेल + टाप् (आ) | १. समय, काल, बखत, २. संयोग सन्जोग, मौका, अवसर । | २१८ |
| ११ | लोभी | वि | लोभ + इनि (इन्) | १. लोभ गर्ने, लालची २. चुइयाँ तालको, कन्जुस । | २१८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | लय | ना | ली + अच् (एरच्) | १. एक वस्तु अर्का वस्तुमा चिन्न र छुट्याउन नसकिने किसिमले मिलेको अवस्था, मिलान, विलय | २१८ |
| १३ | सामूहिक | वि | समूह + ठक् (इक) | समूहको, समूहसम्बन्धी, समुदायिक । | २१८ |
| १४ | नृत्य | ना | नृत् + क्यप् (य) | १. अङ्ग सञ्चालनको प्राधान्य भएको २. ताल, लय तथा भावना आश्रित भएको नाच, नृत्यभन्दा विकसित तर पुरै विकसित भइनसकेको नाट्य । | २१८ |
| १५ | तरङ्ग | ना | तृ+ अङ्गच् (अङ्ग) | १. हावा वा बगाइको वेगले पानी को सतहमा उठ्ने लहर, छाल ।<br>२. नदीको मुखमा ज्वारको वेगले गर्दा उठेको पानीको खम्बा । | २१८ |
| १६ | उमङ्ग | ना | मूल शब्द | १. कुनै इच्छा लागेको काम गर्न लाई मनमा उब्जेको उत्साह, उल्लास, मनको उद्वेग, फुर्ती, तत्परता । | २१८ |
| १७ | हृदय | ना | हृ+ कयन् (अय) | १. प्राय : सबै प्राणीको शरीरमा छातीभित्र बायाँतिर हुने, स्पन्दनद्वारा शरीरभरिका नाडीहरुमा शुद्ध रगत फिँजाउने मांसकोश, मुटु । २. अन्तरात्मा, अन्तकरण, चित्त, मन । | २१८ |
| १८ | सुन्दर | वि | सु + उन्द् + अरच् (अर) | १.मनलाई हर्ने, राम्रो, मनोहर, आकर्षक ।<br>२. असल, जाती, बेस | २१८ |
| १९ | तर | ना | तृ+ असुन (अस्) | १. नदी, पुल, बाटो आदि पार गर्ने काम, तराइ, हिँडाइ । २. बाटो । | २१८ |
| २० | आभास | ना | आ + भास् + घञ् (अ) | १. नहुने कुरा पनि भएजस्तो हुने मिथ्या ज्ञान, भान, झझल्को ।<br>२. झल्को, अस्पष्ट सम्झना, छनक । | २१८ |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | विशेष | वि | वि + शिष् + घञ् (अ) | १. गुण, धर्म, परिणाम आदिमा अरू भन्दा बढ्ता, अरूभन्दा विशिष्ट किसिमको,असाधारण । २. विलक्षण । | २१८ |
| २२ | वर्ष | ना | वृष + अच् (अ) | १. दुई अयन, छ ऋतु र बाह्र महिना हुने, कालको एक प्रसिद्ध मान, संवत्सर, साल । २. कालगणनामा कुनै विशिष्ट चत्र वा अवधि पूरा हुन लाग्ने समय (जस्तै : चन्द्रवर्ष, सौरवर्ष, आर्थिकवर्ष ) | २१८ |
| २३ | मुखाकृति | ना | मुख + आकृति | १. मुखको आकृति वा आकार मुख, चेहरा । २. कुनै गोलो वस्तु वा माझमा टोड्को भएको वस्तुको अगाडिपट्टि देखिने भाग । | २१८ |
| २४ | अनुहार | ना | अनु + हृ + घञ् (अ) | १. आकार, आकृति, रूप । २. चेहरा | २१८ |
| २५ | आकार | ना | आ + कृ+ घञ् (अ) | १. कुनै वस्तुको स्वरूप, आकृति (साइज) । २. कद । | |
| २६ | नरम | वि | मूल शब्द | १. नम्रे मूलायम, कमलो, नम्र । | २१८ |
| २७ | आमन्त्रित | वि | आ + मन्त्र् + क्त (त) | १. निम्तो गरिएको, बोलाइएको, निमन्त्रित, निम्तारो, निम्तालु । | २१८ |
| २८ | पद | ना | पद् + अच् (घञ) | १ गोडो, खुट्टो, पाउ । २. पाइलो, कदम । | २१९ |
| २९ | प्रकृति | ना | प्र + कृ+ क्तिन् (ति) | १. व्यक्ति वा वस्तुको मूलभूत विशेषता, व्यक्ति वा वस्तुमा अन्तर्निहित गुण । २. व्यक्ति वा प्राणीको जन्मै देखिनै लागेको लत, बानी वा स्वभाव । | २१९ |
| ३० | दृष्टि | ना | दृश + क्तिन् (ति) | १. हेहेर ज्ञान प्राप्त गरिने वा जानिने बुझिने भाव, वृत्ति वा शक्ति, हेर्ने काम हेराइ, अवलोकन २. हेर्ने इन्द्रिय, आँखा, नयन, नेत्र | २१९ |
| ३१ | कति | वि | किम् + डति (अति) | १. अमूर्त र मूर्त (गनिने, जोखिन, भरिने, नापिने) वस्तुको मात्रा, सङ्ख्या, परिणाम, आदि बुझ्नको लागि गरिने प्रश्न (उदा. कति मान्छे आयौ ?) | २१९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२ | कमल | ना | कम् + कलच् (अल) | १. पोखरी वा जलाशयमा उम्रने पिँडाल्ने, पानपाते, कुम्भी, जलकुम्भी आदिभैँ देखिने पानीभित्र पिँडालुका जस्ता डाँठ हुने, रातो, नीलो, सेतो, पहेँलो आदि रङको फूल फूल्ने एक वनस्पति । | २१९ |
| ३३ | अपवाद | ना | अप + वद् + घञ् (अ) | १. कसैको सम्मानमा आघात पुग्ने लोकनिन्दा, बलनामी, तिरस्कार<br>२. नभए नगरेका कुराको दोष वा आरोप, भ्रुटो दोष । | २१९ |
| ३४ | एक | ना | इ + कन (क) | १.पूर्ण राशिमा सङ्ख्या क्रमका हिसाबले पहिलो सङ्ख्या ; १ - को अङ्का २. एउटा, यौटा । | २१९ |
| ३५ | पटक | क्रि. वि | मूल शब्द | १. प्रत्येक चोटि, पल्ट, वाजि, फेर । | २१९ |
| ३६ | समय | ना | सम् + ई + इ + अच् | १. घडी, पला, दिनरात, बिहानबेलुकी गते, तिथि, वार, साता, पक्ष, महिना, ऋतु, अयन, वर्ष, दशक, शताब्दी आदि नामले बुझिने वा तिनको परिणति जनाउने गतिमय अवस्था । | २१९ |
| ३७ | पर | पू.स. | पृ+ अच् / अप् (अ) | १. शब्दको आरम्भमा जोडिएर आफूदेखि भिन्न, पराई, अर्काको, पछिको आदि जनाउने पूर्व सर्ग (परदेश, परतन्त्र, परलोक ) | २१९ |
| ३८ | आकाश | ना | आ + काश् + घञ् (अ) | १. पृथ्वी तथा ग्रह - नक्षत्रका बीचको मास्तिर हेदाए खुला र नीलो देखिने शून्य अपार स्थान, अकास, सगर, आसमान, अन्तरिक्ष । २.गणितिय शून्यको पर्याय । | २१९ |
| ३९ | शान्त | वि | शम् + क्त (त) | १. कुनै प्रकारको रिसराग, द्वेष, दुःख आदि मनोविकार नभएको, शिष्ट र सौम्य प्रकृत्तिको, शान्तियुक्त, सुशील र विनम्र ।<br>२. गति वा वेग नभएको, निश्चल । | २१९ |
| ४० | उत्प्रेरण | ना | उत्प्रेरण + टाप् (आ) | १ मनमा उठेको प्रेरणा, भित्री प्रेरणा २.शैक्षिक कार्यकलापमा विद्यार्थीको उत्सुकता सृजना गरी त्यसलाई उद्देश्य पूर्तिका लागि अखण्डित बनाइ रहने प्रक्रिया, अभिप्रेरणा । | २१९ |
| ४१ | महिला | ना | मह् +इलच् | १. स्त्री, नारी, आइमाई । | २१९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (इल्), (आ) | २. भद्रनारी | |
| ४२ | स्नातक | ना | स्नात + कन् (क) | १. कुनै विश्वविधालयबाट बी.ए. वा शास्त्रीयसरहको उपाधि प्राप्त गरेको व्यक्ति । २. धार्मिक उद्देश्यले कुनै यज्ञ उत्सव आदिमा दीक्षा लिएर भिक्षु बनेको ब्राहमण । | २१९ |
| ४३ | युवती | ना | युवत् + ङीप् (ई) | १. जवान स्त्री, पट्ठी आइमाई, तरुनी । २. पट्ठो उमेरकी, जवान (स्त्री) । | २१९ |
| ४४ | हताश | वि | मूल शब्द | १. आशा मरेको वा मेटिएको। हतोत्साह निराश । | २१९ |
| ४५ | सीमित | वि | सीमा + इतच् (इत्) | १. सीमामा बाँधिएको, तोकिएको २. थोरै परिमित | २१९ |
| ४६ | असीमित | वि | सीमा + इतच् (इत्) | १. सीमारहित, सीमित, नभएको, हद बन्दी नतोकिएको । २. अपार, ज्यादा । | २१९ |
| ४७ | विषय | ना | वि + सि + अच् | १. ज्ञानेन्द्रियले ग्रहण गरिने पदार्थ (रूप, रस, गन्ध, स्पर्श र शब्द) । २. पञ्चमहाभूतबाट बनेको वस्तु वा पदार्थ, भौतिक पदार्थ । | २२० |
| ४८ | स्वर | ना | स्वर् + अच् | १. प्राणीहरूका उच्चारण अवयवहरूबाट वा एक वस्तुको अर्को वस्तुमा आघात पर्दा निस्कने कोमलता, तीब्रता, आरोह अवरोह आदिले युक्त ध्वनि, आवाज, शब्द । २. सास लिने बेला नाकबाट निस्कने वायुका कारणबाट उत्पन्न हुने शब्द । | २२० |
| ४९ | पत्रिका | ना | पत्र + कन् (क) टाप् (आ) | १. निश्चित समयमा प्रकाशित हुने मासिक, पाक्षिक, साप्ताहित आदि प्रकाशन । २. विभिन्न विषयमा लेखिएका रचनाहरूको सङ्ग्रह भएको सामयिक पुस्तिका । | २२० |
| ५० | पृष्ठ | ना | पृष् + थक् (उणा), ष्टुत्व | १. शरीरको पछिल्लो भाग, डँडाल्नु, पिठिउँ, पिठिम । २. पुस्तकका पन्ना वा कागतको एकपट्टिको भाग । | २२० |
| ५१ | व्यवस्थापन | ना | वि + अव + स्था + णिचि | १. कुनै कामकुराको व्यवस्था वा प्रबन्ध मिलाउने काम, तरतर्जुमा । २. कुनै वस्तु, मालसामान आदिलाई यथास्थान र | २२० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | +ल्युट (अन) | यथाक्रम राख्ने काम । | |
| ५२ | सहायक | ना | सह + अय् + ण्वुल् (अक) | १. कुनै कामकुरा राम्रो, चाँडो वा सफलतापूर्वक गर्न मदत गर्ने व्यक्ति, सहायता गर्ने व्यक्ति, लागिमेली गर्ने वा सघाउने व्यक्ति । | २२० |
| ५३ | विज्ञापन | ना | विज्ञापि + ल्युट (अन) | १. सरकारी वा गैरसरकारी स्तरमा सेवा आयोगका माध्यमले वा अन्य रूपमा कुनै कामकुरा, सेवाप्रवेश वा पदपूर्तिका निम्ति आवेदनपत्रको आवहान् आदि गर्न सर्वसाधारण जनतालाई आजनकारी हुने गरी प्रचार गरिएको विशेष सूचना । | २२० |
| ५४ | विभिन्न | वि | वि + भिद् + क्त (त) | १. किसिम किसिमको, धेरै प्रकारको, थरीथरी २. अगल, भिन्न, पृथक । | २२० |
| ५५ | अचेत | वि | मूल शब्द | १. चेतना नभएको, होस गुमेको सुद्धी हराएको बेहोस । | २२० |
| ५६ | सुबिधा | ना | सुविध् + टाप् (आ) | १ं कुनै पनि काम सजिलोसित गर्न सकिने अवस्था, सुबिस्ता, सजिलोपन । | २२० |
| ५७ | अनुसार | ना | अनु + सृ + घञ् (अ) | १.इसारा, सान, अन्सार<br>२. लख, अड्कल । | २२० |
| ५८ | प्रकृति | ना | प्र + कृ + क्तिन् (ति) | १. व्यक्ति वा वस्तुको मूलभूत विशेषता, व्यक्ति वा वस्तुमा अन्तर्निहित गुण । व्यक्ति वा प्राणीको जन्मैदेखि नै लागेको तल, बानी वा स्वभाव । | २२० |
| ५९ | विश्वस्त | वि | वि + श्वस् + क्त (त) | १. विश्वास भएको, पत्यार गर्न सकिने पत्यारिलो, विश्वासिलो, भरपर्दो । | २२० |
| ६० | निवेदन | ना | नि + विद् + णिचि + ल्युट -अन) | १. विनम्र भनाइ, बिन्ती, प्रार्थना।<br>२. चढाउने काम, समर्पण | २२० |
| ६१ | भवन | ना | भू + युच् (अन) | १. वासस्थान वा अन्य विशेष कार्यमा उपयोग हुने, प्रायःठुलो घर, महल, प्रासाद, दरबार । २. आश्रय वा आधारको स्थान । (जस्तो - आनन्दभवन, करुणभवन) | २२० |
| ६२ | मूल | ना | मूल् + क (अ) | १.रुखपात, लहरो, बोटबिरुवा आदिको जमिनमुनि रहने खण्ड वा भाग, जरो, | २२० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | जड । २.पैदा भएको ठाउँ, आरम्भ हुने ठाउँ, मुहान । | |
| ६३ | प्रवेश | ना | प्र + विश् + घञ् (अ) | १. बाहिरबाट भित्र जाने वा पस्ने क्रिया । २. कुनै क्षेत्र, वर्ग, सङ्घ आदिमा नियमपूर्वक हुने सामेली । | २२० |
| ६४ | प्रतीक्षा | ना | प्रति + ईक्ष् + अङ् (अ) + टाप् (आ) | १. चाहेको वा खोजेको कुनै व्यक्ति, वस्तु आदिलाई भेट्न वा पाउन, गरिएको ढुकाइ, कुराइ, रुङाइ । | २२० |
| ६५ | कक्ष | ना | कष्+स (उणा) | १. काखी, कोखा । २. धोतीको काछ | २२० |
| ६६ | दिन | ना | दी + नक् (न) | १. आकाशमा सूर्य देखिउन्जेलको समय, सूर्यको उदय भएदेखि अस्त नहोउन्जेलको अवधि, दिउँसो, दिवस । २. सात वारमध्येको एक वार । | २२० |
| ६७ | कपाल | ना | क + पाल् + अण् (अ) | १. मान्छे वा सो सरहको जनावरको टाउको । २. कुनै पनि प्राणीको टाउकाको प्राय सिङ्गो हाड, खप्पर खोर । | २२० |
| ६८ | शैली | ना | शैल + ङीप् (ई) | १. बिशेष किसिमले कुनै काम गर्ने प्रणाली वा पद्धति, काम गराइको ढाँचा, परिपाटी, छाँटछन्द । २. असल शीलस्वभाव भएका ब्यक्तिबाट हुने कुरा । | २२० |
| ६९ | सर | ना | सृ + अच् | १. ठूलो प्राकृतिक पोखरी, तलाउ, जलाशय । २. जलप्रपात, झरना , | २२० |
| ७० | अनुमति | ना | अनु + मन् + क्तिन् (ति) | १. कुनै कामकारवाई आदिका लागि पाइने वा दिइने स्वीकृर्ति, आदेश, आज्ञा, हुकुम । मन्जुरी, स्वीकृति । | २२० |
| ७१ | कुमार | ना | कम् + आरन् (आर) | १. पाँच वर्षसम्मको सानो बालक २. विवाह नभएको केटो, अविवाहित व्यक्ति । | २२० |
| ७२ | प्रमुख | वि | मूल शब्द | १.गन्दा सबैभन्दा पहिलो ठहरिने । २. जनसमूहका बीच पहिलो क्रममा आउने, प्रथम । | २२० |
| ७३ | भद्र | वि | भन्द् + रक् (र) | १. सभ्य, शिष्ट तथा सुशिक्षित, सज्जन । २. मङ्गलकारी, शुभकारक | २२० |
| ७४ | पारदर्शी | वि | पार + दृश् | १.पल्लापट्टिसम्म देख्ने । | २२० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | + णिचि (इन) | २. टाढासम्मको कुरो देख्ने, दुरदर्शी । | |
| ७५ | मनमोहक | वि | मनस् + मुह + णिचि (अक) | १. मनोहर, सुन्दर २. मनलाई मोहित पार्ने । | २२१ |
| ७६ | चित्र | ना | चित् + त्रै + क (अ) | १. तसबिर, फोटो, छापा, चित्रपट, प्रतिमा, छवि । २. चर्मिकिने गहना । | २२१ |
| ७७ | आदि | ना | आ + दा + कि (इ) | १. थालनी, सुरू, प्रारम्भ, आरम्भ ।<br>२. यस्तै किसिमले अरू वा बाँकी पनि सबै, इत्यादि । | २२१ |
| ७८ | कलात्मक | वि | मूल शब्द | १.कलापूर्ण ढङ्गले, सजाइएको, कालिगडी भरिएको, आकर्षक । | २२१ |
| ७९ | शैली | ना | शैल + ङीप् (ई) | १. विशेष किसिमले कुनै काम गर्ने प्रणाली वा पद्धति, काम गराइको ढाँचा, परिपाटी, छाँटछन्द । २. असल शीलस्वभाव भएका व्यक्ति बाट हुने कुरो । | २२१ |
| ८० | माध्यम | वि | मध्यम् + अण् (अ) | १. मध्यवर्ती अंशसँग सम्बद्ध, केन्द्रीय, एकदम माझको ।<br>२. कुनै काम सिद्ध गर्ने साधन वा उपाय, कुनै काम सम्पन्न गर्ने साधन वा व्यक्ति । | २२१ |
| ८१ | अनुरोध | ना | अनु + रुध् + घञ् (अ) | कसै समक्ष कुनै कामकुरा सम्पन्न गराउन वा केही कुरा प्राप्त गर्नाका निम्ति नम्रतापूर्वक प्रार्थना गर्ने काम, साग्रह निवेदन, विनय, बिन्तीभाउ । | २२१ |
| ८२ | नाम | नाम | नम् + णिचि + मनिन् (मन्) | सृष्टित वा कल्पित कुनै पनि वस्तुलाई बुझाउने वा चिनाउने शब्द । २. यश वा कीर्ति, प्रसिद्धि, सुनाम, ख्याति । | २२१ |
| ८३ | संवाद | ना | सम् + वद् + घञ् (अ) | १. नियन्त्रित विषयवस्तुहरू वा परिस्थितमा गरिने कुराकामी<br>२. बोलाइ आदि शिक्षणको एक पद्धति । | २२१ |
| ८४ | सञ्चालक | वि | सम् + चल् + णिचि + ण्वुल् (अक) | १.राम्ररी चलाउने, गतिशील पार्ने, कुनै पनि कामलाई समुचित रूपले चलाउने वा गतिशील पार्ने व्यक्ति, सुव्यवस्थित किसिमले कुनै काम थाल्न वा चलाउन सिपालु मानिस । | २२१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८५ | भाग | ना | भज् + घञ् (अ) | १. कुनै वस्तुको खण्ड, हिस्सा वा अंश २. भाग्य, तकदिर । | २२१ |
| ८६ | शरद् | ना | शृ+ अदि (अद्) | १. छ ऋतुमध्ये चौथो ऋतु, वर्षापछिको ऋतु, असोज र कार्तिक महिनामा पर्ने ऋतु । | २२१ |
| ८७ | शिशिर | ना | शश् + किरच् (इर) | १. छ ऋतुमध्ये अन्तिम वा हेमन्त पछिको ऋतु, माघ र फागुन महिनामा पर्ने ऋतु २. सर्दी जमेको, चिसो । | २२१ |
| ८८ | अन्य | वि | अन् +यक् (य) | १. अरू, अर्को । २. कुनै ३. पराई, परचक्री । | २२१ |
| ८९ | व्यक्तिगत | वि | मूल शब्द | १.कुनै एक व्यक्तिसँग मात्र सम्बन्ध भएको, एक जनासित मात्र सम्बन्ध राख्ने, एक व्यक्तिको । | २२१ |
| ९० | विवरण | ना | वि + पृ + ल्युट् (अन) | १. कुनै वस्तु, विषय, घटना, कार्य आदिको विस्तृत वर्णन, बयान, वृत्तान्त, नालीबेली २. व्याख्या, टीका । | २२१ |
| ९१ | आपूर्ति | ना | आ + पृ + क्तिन् (ति) | १. दैनिक तथा सामयिक उपभोग्य विषयवस्तु पुरा गर्ने काम ।<br>२. आवश्यक उपभोग्य वस्तु खाँचो भएका सामान्य जनतालाई उपलब्ध गराउने काम । | २२१ |
| ९२ | सचेत | वि | चित् + असुन् (अस्) | १. चेतना भएको वा चेत फर्केको, सजग, होसियार २. विवेकपूर्ण बुद्धिमान् । | २२२ |
| ९३ | गम्भीर | वि | मूल शब्द | १. गहिराइ थाहा नपाइने, गहिरो<br>२. शान्त, धीर । ३. विचारपूर्ण, गहन । | २२२ |
| ९४ | शरीर | ना | शृ+ ईरन् (ईर) | १. हाड, मासु, रगत आदिले युक्त प्राणीका सम्पूर्ण अङ्गको समूह देह, तन, जीउ, काय । २. कुनै पनि वस्तुका सबै अङ्गले युक्त पार्थिव रूप । | २२२ |
| ९५ | नमस्कार | ना | मूल शब्द | १. निहुरेर वा शिर झुकाएर मान्य जनलाई अभिवादन गर्ने क्रिया नम : सादर, प्रणाम, सादर अभिवादन, नमस्ते, ढोग । २. कसैलाई दुई हात जोरेर सम्मान देखाउने काम । | २२२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९६ | भव | ना | भू + घञ् (अ) | १. कुनै वस्तु वा विषयका अस्तित्व मा आउने, रहर वा प्रस्तुत हुने स्थिति वा तत्व, सत्ता, अस्तित्व २. चिन्तन वा कल्पना तरङ्गका क्रममा मनमा उत्पन्न हुने कुनै भाव विचार । | २२२ |
| ९७ | श्रीमान् | वि | श्री + मतुप् (मत्) | १. शोभा वा ऐश्वर्यले युक्त भएको सौभाग्यशाली २. पति, लोग्ने । | २२२ |
| ९८ | शारीरिक | वि | शरीर + ठक् (इक) | १. शरीरसँग सम्बन्ध राख्ने, शरीरको, कायिक, २. शरीरबाट उत्पन्न, देहज । | २२२ |
| ९९ | दाम्पती | ना | मूलशब्द | १.विधिविधान अनुसार औपचारिक रूपमा परिणत भएका लोग्ने स्वास्नीको जोडी, जोइपोइ, पतिपत्नी । | २२२ |
| १०० | देश | ना | दिश् + अच्/घञ् (अ) | १. चारैतिर फैलिई अनेकौं गाउँ सहर, जिल्ला, अञ्चल वा प्रान्त मिलेर बनेको एक विशिष्ट भूभाग, मूलुक ।<br>२. एक प्रणालीका शासन अन्तर्गतको निश्चित भुभाग, राष्ट्र । | २२२ |
| १०१ | समग्र | वि | सम + ग्रह् + ड (अ) | १. समस्त, सबै, पूर्ण, पुरा, अन्तिम (उदा. तपाईका समग्र कविता पढेको छु ।) | २२२ |
| १०२ | प्राथमिकता | ना | प्राथमिक+तल् (त)+टाप् (आ) | १. कार्य, व्यक्ति वा वस्तुलाई प्राप्त हुने पहिलो स्थान, वा अवसर, अग्रावसर, अग्राधिकार । | २२३ |
| १०३ | उपलब्ध | वि | उप + लभ् + क्त (त) | १. पाइएको, प्राप्त । २.थाहा पाइएको, ज्ञात । | २२३ |
| १०४ | पारिश्रमिक | वि | परिश्रम + ठक् (इक) | १. परिश्रम सम्बन्धी, परिश्रमको, २. परिश्रम वा कुनै कार्य गरेबापत पाइने वा दिइने धन, ज्याला, बनी, मजदुरी । | २२३ |
| १०५ | टीका | ना | टीक् + अ + टाप् (आ) | १. कुनै पद, पदावली, वाक्य, अनुच्छेद र ग्रन्थहरूको अर्थ स्पष्ट गरी लेखिएको व्याख्या अर्थ, भाष्य ।<br>२. निधारमा लगाइने चन्दन, अबिर, सिंदुर आदि, टिको, तिलक । | २२३ |
| १०६ | जीवन | ना | जीव् + ल्युट (अन) | १. प्राणीको जन्मदेखि मृत्युसम्मको समय, जिन्दगी । शरीरमा प्राण रहेसम्मको अवस्था, प्राणीको जीवित अवस्था, | २२३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्राणवान् अवस्था । | |
| १०७ | घटना | ना | घट् + णिचि + युच् (अन) + टाप् (आ) | १. अकस्मात् भएको कुनै पनि कुरो वा कारबाई, काण्ड, पर्व ।<br>२. मारपिट, वारदात । | २२३ |
| १०८ | श्रीमती | ना | श्री + मतुप् (मत्), (ई)<br>श्रीमत् + डीप् (ई) | १. श्रीमान्को स्त्रीलिङ्गी रूप, विवाहिता स्त्रीहरूका नामको अगाडि लगाइने आदरवाची शब्द श्रीमती कल्पना, श्रीमती उषा शर्मा । | २२३ |
| १०९ | व्याकरण | ना | वि + आ + कृ + ल्युट् (अन) | १. कुनै भाषाका शब्द, शब्दका विभिन्न रूप, तिनको संरचना विधि वाक्य र त्यसका विभिन्न अङ्ग तथा तिनीहरुको पारस्पारिक सम्बन्ध खुट्ट्याउनुका साथै वाक्य आदिको शुद्ध प्रयोग गर्ने नियमको निरूपण गर्ने शास्त्र, शब्द तथा वाक्य सम्बन्धी नियम ।<br>२. व्याख्या । | २२३ |
| ११० | प्रस्तुति | ना | प्र + स्तु + क्तिन (ति) | १. सभामा कुनै प्रस्ताव पेश गर्ने काम, कुनै प्रस्ताव वर्णनका साथमा सभामा पेश गर्ने क्रिया २. प्रशंसा, गुणगान, स्तुति । | २२३ |
| १११ | लय | ना | ली + अच् (एरच्) | १. एक वस्तु अर्का वस्तुमा चिन्न र छुट्ट्याउन नसकिने किसिमले मिलेको अवस्था, मिलान, विलय ।<br>२. गहन एकाग्रता, मनको लीनता, तल्लीनता | २२३ |
| ११२ | अनुभव | ना | अनु + भू + अप् (अ) | १.इन्द्रिय वा स्नायुहरूका माध्यम बाट उत्पन्न उद्दीपनको फलस्वरूप प्रकट हुने मानसिक अनुक्रिया, अनुभूति, संवेदन । २. पाँचै इन्द्रियले भोगी केही कुरो चाल पाउने क्रिया वा त्यसरी चाल पाएको ज्ञान । | २२३ |
| ११३ | अभाव | ना | भू + घञ् (अ) | १. नहुनाको भाव वा स्थिति, सत्ताहीनता २. नपाइने स्थिति, अप्राप्ति । | २२३ |
| ११४ | छन्द | ना | छन्द + घञ् (अ) | १. यति गति र लय मिलेको वर्ण, मात्रा आदिको गणना अनुसार पधात्मक रचना गरिने कुनै निश्चित किसिमका विशिष्ट | २२३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | वाक्य, वृत्त । २. इच्छा, अभिलाषा । | |
| ११५ | संसर्ग | ना | सम् + सृज् + घञ् (अ) | १. सँगसगै रहने - बस्ने गरी भएको सम्बन्ध वा सम्पर्क ।<br>२. सहवास बसाउठी, उठबस । | २२३ |
| ११६ | चिरन्तन | वि | चिर + ट्यु /ट्युल् (अन) | १. धेरै दिन पहिलेदेखिको, प्राचीन कालदेखिको पुरातन, सदाको । | २२३ |
| ११७ | क्षणिक | वि | मूल शब्द | १. एकै छिन मात्र रहने वा हुने, क्षणभङ्गुर, अनित्य, अस्थिर ।<br>२. क्षणसम्बन्धी, क्षणको । | २२३ |
| ११८ | पीडा | ना | पीड् + अ + टाप् (आ) | १. शरीरमा चोटपटक लाग्दा वा अन्य कुनै कारणले शारीरिक कष्ट हुँदा वा मानसिक आघात पर्दा सचेत व्यक्तिका मनमा हुने दुःखको अनुभुति, शारीरिक वा मानसिक दुःखको अनुभव, वेदना व्यथा, तकलिफ, कष्ट । २. रोग व्याधि । | २२३ |
| ११९ | माघ | ना | माघी + अण् (अ) | १. पुसपछि र फागुन अघिको महिना । २. कालिदास, भारविकै कोटिका संस्कृति साहित्यका ठूला कवि । | २२४ |
| १२० | अधैय | वि | धीर + ष्यञ् (य) | १. आमन्त्रण नभएको<br>२. उत्ताउलो, चञ्चल । | २२४ |
| १२१ | अगाडि | क्रि. वि | अग्र + आडि | १. सामुन्नेमा , हाकाहाकी अगिल्तिर<br>२. पहिलेनै , अघिबाटै, उहिले । | २२४ |
| १२२ | प्रश्न | ना | प्रच्छ् + नङ् (न) | १. कुनै कुराको उत्सुकता, मेट्नका लागि अथवा उचित जवाफ पाउनका लागि कसैलाई सुनाइने शब्द, वाक्य वा वाक्य समूह सवाल । | २२४ |
| १२३ | सम्बन्ध | ना | सम् + बन्ध् + घञ् (अ) | १. कुनै एउटा वस्तु वा कुरा अर्को वस्तु वा कुरासँग जोरिने काम, संयुक्त हुने काम, योग | २२४ |
| १२४ | मन | ना | मन् + असुन् (अस) | १. प्राणीहरुको अनुभव, इच्छा, बोध, विचार, सङकल्प - विकल्प आदिलाई नियन्त्रित तथा परिचालित गर्ने अन्तकरणको अंश वा वृत्ति । नाक, कान, आँखा आदिबाट थाहा पाइने कुराबाट आफूलाई प्रभावित पार्ने आन्तरिक इन्द्रिय, | २२४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अन्त करण, चित्त, दिल, हृदय ।<br>२. इच्छा, कामना, अभिलाषा, रुचि । | |
| १२५ | आतङ्क | ना | आ + तङ्क + घञ् (अ) | १. कुनै महामारीको प्रकोप, कठोर अत्याचार, आदिबाट उत्पन्न हुने भय । २. पीडा, रोग आदिबाट हुने शारीरिक कष्ट, बेचैनी । | २२४ |
| १२६ | विश्वास | ना | वि + श्वस् + घञ् (अ) | १. कुनै काम, कुरो, व्यक्ति, मत, नीति आदिप्रति हुने सत्यताको धारणा, दृढ आस्था, पत्यार २. आस्था, श्रद्धा । | २२४ |
| १२७ | प्रेम | ना | प्री + मनिन् (मन्) | १. कुनै विषय, वस्तु वा व्यक्तिका स्वभाव एवं गुणप्रति मनमा उत्पन्न हुने आकर्षण वा आत्मीयता अनुराग २. दया, कृपा, माया । | २२४ |
| १२८ | परिस्थिति | ना | परि + स्था + क्तिन् (ति) | १. कुनै घटना, काम आदिको वास्तविक तथा तर्क सङ्गत अवस्था २. कुनै देश, संस्था वा व्यक्तिको हालत, स्थिति, अवस्था । | २२४ |
| १२९ | उत्तर | ना | उत्त् + तरप् (तर) | १. कुनै प्रश्न, शङ्का आदिको समाधानका निम्ति भनिने कुरो, जवाफ । २. परीक्षामा सोधिएका प्रश्नका सम्बन्धमा लिखित वा मौखिक रूपमा दिइने बयान वा कुरा । | २२४ |
| १३० | परिवर्तन | ना | परि +वृत् + ल्युट (अन) | १. एकथरी रूप, अवस्था, गुण आदिबाट अर्का थरी रूप, अवस्था गुण आदिमा बदलिने वा रूपान्तरित हुने क्रिया, हेरफेर, अदलाबदली । २. कुनै पुरानो युगको अन्तर नयाँ युगको आरम्भ । | २२४ |
| १३१ | कर | ना | कृ+ अप् (अ)<br>क+ रा + क + अ) | १. राजस्वमा दाखित हुने गरी नागरीकले सरकारी सरोकारवाला कार्यालयलाई अनिवार्य दातव्यका रूपमा दिनुपर्ने विभिन्न प्रकारको तिरो वा रकम ।<br>२. कसैलाई इच्छाका बिरूद्ध दबाउमा पारी कुनै कुरा गर्न, गराउन वा हुन वाध्य तुल्याउने क्रिया - प्रक्रिया । | २२५ |
| १३२ | बाध्य | वि | बाध् + व्यत् (य) | १. नियम, विधि, वचन आदिले बाँधिएको वा नगरी नहुने स्थितिमा परेको, विवश तुल्याइएको । | २२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | २. रोक, लगाईएको, छेकिएको । | |
| १३३ | क्षमा | ना | क्षम+ टाप् (आ) | १. अरुले दिएका दुःखको साटो फेर्ने विचार छाडी त्यसलाई सहने मानिसका मनको भावना वा वृत्ति, दोषीलाई छाडिदिने वा आफ्नो भूल, स्वीकार गर्ने त्यस्तै भाव, माफी, क्षान्ति । | २२५ |
| १३४ | साहस | ना | सहस् + अण् (अ) | १. कठिन वा अप्ठेरो काम पनि गर्ने आँट, हिम्मत २. लुट, बलात्कार, अपहरण । | २२५ |
| १३५ | लज्जा | ना | लज्ज + टाप् (आ) | १. मान्य जनका सामुमा पर्दा भित्रभित्रै उब्जने धक, सङ्कोच । | २२५ |
| १३६ | बोध | ना | बुध् + घञ् (अ) | १. सुनेर, पढेर, बुझ्ने क्षमता वा सीप, जान्ने वा बुझ्ने काम, समझ ज्ञान, जानकारी । | २२५ |
| १३७ | दुर्घटना | ना | दुर + घटन + टाप् (आ) | १. कुनै ब्यक्ति वा वस्तुको हानि वा क्षति हुने आकस्मिक घटना, अपर्झट आइपरेको कष्टपूर्ण वा अशुभ घटना । २. हानिनोक्सानी क्षति, नाश, मृत्यु | २२५ |
| १३८ | मनस्थिति | ना | मूल शब्द | १. मनको अवस्था, मानसिक स्थिति । | २२५ |
| १३९ | भावी | ना | भा + णिनि/ इनि (इन) | १. भविष्यका, आउँदो समय ।<br>२. पछि गएर नभई नहुने कुरो, हुने हुनामी । | २२५ |
| १४० | अप्रत्याशित | वि | प्रति+आ + अश्+क्त (त) | १. आश नगरिएको<br>२. अचानक भएको, आकस्मिक | २२५ |
| १४१ | अवाक | वि | मूल शब्द | १. उमेर पुगेर पनि बोली नफुटेको बोल्न नसक्ने । २. चुप, मौन । | २२५ |
| १४२ | अमूल्य | वि | मूल + यत् (य) | १. मोल गर्न नसकिने, अनमोल<br>२. बहुमूलय, किम्मती । | २२६ |
| १४३ | रत्न | ना | रम् + न (त) | १. गहना, आभुषण, श्रीपेचजस्ता अलङ्कारमा जोडिने बहुमूलय पत्थर, हीरा, पन्ना, मणिक आदिको पत्थर, मोती, माणिक्य, बैदूर्य, गोमेद हीरा, मुगा, पन्न र नीलमणि समेतका प्रसिद्ध नवरत्न, जवाहिरात ।<br>२. सर्बोत्तम, सर्वश्रेष्ठ, उत्कृष्ट । | २२६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४४ | विलीन | वि | वि + ली + क्त (त) | १. कुनै वस्तुमा घोलिएको, लय भएको ।<br>२. नदेखिने, अदृश्य, लुप्त । | २२६ |
| १४५ | भयानक | वि | भी + आनक | १. विभिन्न कारणले गर्दा भय लाग्ने, डरलाग्दो, भयङ्कर<br>२. साहित्यका नौ रसमध्ये स्थायी भाव भयहुने एक रस । | २२६ |
| १४६ | संसार | ना | सम् + सृ + घञ् (अ) | १. मान्छेले देख्ने, भोग्ने र अनुभव गर्ने सम्पूर्ण भौतिक जगत्, चराचर विश्व, विश्व भुवन ।<br>२. जन्ममरण भएको जगत्, मर्त्यलोक । | २२६ |
| १४७ | व्यतीत | वि | वि+ अति + इ + क्त (त) | १. पहिलेनै भइसकेको, बितेको गुज्रेको विगत<br>२. मरेको, मृत । | २२६ |
| १४८ | माया | ना | माय + टाप् (आ) | १. मोहवश कसैका प्रति हुने हार्दिकतायुक्त अनुराग, प्रेम वा स्नेहको भाव, प्यार, पीति, ममता, महत्त्व ।<br>२. कुनै प्रकारको भ्रमपूर्ण अवास्तविक तथा मिथ्या धारण वा आभास, धोका, छल, कपट । | २२६ |
| १४९ | प्रसार | ना | प्र + सृ + घञ् (अ) | १. चारैतिर फैलिने वा फैलाउने काम, विस्तार फैलावट । २. चारैतिर छरिने क्रिया, पसारो । | २२६ |
| १५० | अभिनव | वि | अभि +नु/नू + अप् (अ) | १. नयाँ, नवीन<br>२. आलो, ताजा, साजी । | २२६ |
| १५१ | आयाम | ना | आ + यम + घञ (अ) | १. वस्तुको लमाइ, चौडाइ र मोटाइमध्ये कुनै एक थोक । २. फैलावट, विस्तार । | २२६ |
| १५२ | महासागर | ना | मूल शब्द | १. पृथ्वीका सतहको झन्डै एकहत्तर प्रतिशत भाग ढाकेको नुनिलो पानीयुक्त ठुलो समुद्र, महासमुद्र, महोदधि ।<br>२. उक्त महासागरका पाँच विभाग । प्रशान्त महासागर, हिन्द महासागर, आन्ध महासागर, सुमेरु महासागर, कुमेरु महासागर । | २२६ |

कथाकार विना थिङद्वारा लिखित कथा आयाममा जम्मा १९३० शब्दहरू प्रयोग भएको पाइयो । जसमध्ये १४४ शब्दहरू तत्सम शब्द रहेका छन् । प्रतिशतको हिसाबले ७.४६ प्रतिशत तत्सम शब्दहरूको प्रयोग यस कथामा भएको पाइन्छ । आधुनिक समयको व्यस्त दिनचर्याको विषयमा आधारित कथा भएकाले यसमा अन्य कथाका तुलनामा तत्सम शब्दको प्रयोग कम पाइएको हो । आयाम कथामा आवृत्ति भएका शब्दहरूलाई तालिकामा निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं.: ८**

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| बिषय | २ | मात्र | ४ |
| कपाल | ४ | वेला | ५ |
| सम्पर्क | ३ | लोभी | २ |
| व्यवस्थापन | २ | लय | २ |
| विश्वस्त | २ | हृदय | ३ |
| निवेदन | २ | सुन्दर | २ |
| भवन | २ | तर | ७ |
| दिन | १३ | आभास | २ |
| सर | ९ | वर्ष | ९ |
| चित्र | ३ | अनुहार | १३ |
| शैली | २ | आकार | ४ |
| नाम | ३ | नरम | २ |
| व्यक्तिगत | ३ | कार्यालय | १६ |
| व्यस्त | ३ | पद | २ |
| दृश्य | ३ | कति | ३ |
| कलम | ११ | टिका | २ |
| एक | १५ | जीवन | ५ |
| पटक | ९ | समय | ८ |
| पर | २ | प्रेम | ३ |
| महिला | ५ | परिस्थिति | २ |
| विवरण | २ | बोध | २ |
| सचेत | ३ | दुर्घटना | २ |

| | | | |
|---|---|---|---|
| गम्भीर | २ | शरीर | ३ |
| श्रीमान् | ३ | दाम्पती | ४ |
| अनुभव | २ | | |

आयाम कथामा ४९ वटा शब्दको आवृत्ति भएको छ । जसमध्ये कार्यालय शब्द १६ पटक अर्थात् सबैभन्दा बढी आवृत्ति भएको पाइन्छ भने विषय व्यवस्थापन, विश्वस्त, निवेदन, भवन, शैली, लोभी, लय, सुन्दर, आभास, नरम, पद, पर, विवरण, गम्भीर, टिका, अनुभव, परिस्थिति, बोध, दुर्घटना शब्द सबैभन्दा कम २ पटक मात्र आवृति भएको पाइन्छ ।

**४.२ छलफल र व्याख्या**

कक्षा दशको नेपाली भाषापाठ्यपुस्तकमा रहेका ४ ओटा कथामा भएका तत्सम शब्दको अध्ययन गर्दा विभिन्न कथामा विभिन्न किसिमका तत्सम शब्दको प्रयोग, प्रसङ्ग अनुसार सान्दर्भिक र उचित भएको पाइयो । यी कथाहरूमा तत्सम शब्दको प्रयोगको अवस्था उचित रहेको पाइन्छ ।

उक्त पाठ्यपुस्तकमा रहेका ४ ओटा कथाहरू मध्ये पहिलो 'घरभगडा' कथामा जम्मा ९८१ ओटा शब्दको प्रयोग गरिएकोमा ११० ओटा ११.२१ प्रतिशत तत्सम शब्दको प्रयोग भएको पाइन्छ । ऐतिहासिक विषयवस्तुमा तयार भएको प्रस्तुत कथामा तत्सम शब्दको प्रयोग स्वभाविक रूपमा देखिन्छ ।

'शत्रु' कथामा जम्मा ८३६ शब्दहरू प्रयोग गरिएकोमा तत्सम शब्दको प्रयोग १०७ ओटा १२.७९ प्रतिशत रहेको देखिन्छ । मानसिक तरङ्गको मार्मिक प्रस्तुति रहेको उक्त कथामा तत्सम शब्दको प्रयोग अन्यको तुलनामा (बढी) उल्लेखनीय रूपमा भएको देखिन्छ । कथामा विद्यार्थीको रुचि, क्षमता, स्तर अनुकुल तत्सम शब्दको प्रयोग भएको पाइन्छ ।

'कर्तव्य' कथामा जम्मा २१०० शब्दहरू प्रयोग गरिएकामा २०५ ओटा ९.७६ प्रतिशत तत्सम शब्दको प्रयोग भएको पाइन्छ । समाजमा घट्ने यथार्थ घटनालाई आधार मानी लेखिएको यस कथामा अन्य कथाको तुलनामा तत्सम शब्दको प्रयोग कम पाइएको हो । तत्सम शब्दको दृष्टिले हेर्दा यो कथा बिद्यार्थीको स्तर, क्षमता, तह अनुसार केही मात्रामा कमजोर नै रहेको पाइन्छ ।

'आयाम' कथामा जम्मा १९३० ओटा शब्द मध्ये १४४ ओटा ७.४६ प्रतिशत तत्सम शब्दहरू रहेको पाइन्छ । आधुनिक समयको व्यस्त दिनचर्याको विषयमा आधारित उक्त कथामा अन्यको तुलनामा तत्सम शब्दको प्रयोग कम पाइएको हो । यस कथामा रहेका शब्दलाई नियाल्दा माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीको स्तर, रुचि, क्षमता, अनुसार कठिन खालका तत्सम शब्दको मात्रा ज्यादै कम रहेको छ । यसरी कक्षा दशको नेपाली भाषापाठ्यपुस्तकका कथा विधामा राखिएका ४ ओटा कथाहरूमा जम्मा ५८४७ ओटा शब्दहरू प्रयोग भएकोमा ५६६ ओटा १०.३३ प्रतिशत् तत्सम शब्द प्रयोग भएको पाइन्छ । यी कथाहरूको अध्ययन गर्दा सबै भन्दा बढी तत्सम शब्द 'शत्रु' कथामा पाइयो भने सबैभन्दा कम 'आयाम' कथामा भएको पाइन्छ । उक्त कथाहरू कक्षा दश (माध्यमिक) तहको लागि आवश्यक्ता अनुरूप स्तरयुक्त, रूचि र चाहना अनुरूप रहेका छन् । तत्सम शब्दहरूलाई हेर्दा स्वभाविक रूपमा नै रहेको देखिन्छ ।

कथाकारको भाषिक पृष्ठभूमि, लेखन प्रवृत्ति, कथानक पात्र, परिवेश आदि जस्ता कुराहरूले गर्दा प्रस्तुत कथाहरूमा तत्सम शब्दको कठिनाइ स्तर र प्रयोग अवस्था कमजोर

नै भएको पाइन्छ । कक्षा दशमा अध्ययन गर्ने विद्यार्थीको लागि तत्सम शब्दको मात्रा बढी र कठिन शब्दको मात्रा पनि अलि बढी भएका कथाहरू समावेश गरेमा तत्सम शब्दका माध्यमबाट नेपाली भाषाको अध्ययन स्तरीय र सहज गराउन सकिन्छ ।

# अध्याय पाँच : निष्कर्ष, सुझाव तथा उपयोगिता

## ५.१ निष्कर्ष

संस्कृत भाषा शुद्ध संस्कारित परिष्कृत भाषा हो । संस्कृत भाषा विश्वको प्राचीनतम् एवम् समृद्ध भाषा मानिन्छ । यो भाषा सुस्पष्ट व्याकरण र वर्णमालाको वैज्ञानिकताले भरिएको कारण अन्य भाषाको तुलनामा सर्वश्रेष्ठ रूपमा सुशोभित छ । पृथ्वीको प्राचीनतम् भाषाहरू मध्येको एक भाषा यो भारोपेली भाषा परिवारमा वर्गीकृत छ । नेपाली भाषा संस्कृत भाषाबाट अपभ्रंश हुंदै बिकसित भएको हुनाले नेपाली भाषा साहित्यमा संस्कृत भाषाका तत्सम शब्दहरू धेरै रहेका छन् । नेपाली भाषा साहित्यमा आगन्तुक शब्दको प्रयोग बढ्दै गएतापनि यसमा संस्कृत भाषाबाट आएका तत्सम शब्दहरूको छुट्टै महत्त्व र स्थान रहेको छ । संस्कृतबाट रूप नफेरिकन जस्ताको तस्तै नेपाली भाषामा आएका तत्सम शब्दहरूको साहित्यमा महत्त्वपूर्ण स्थान रहेकाले यी शब्दको प्रयोग उल्लेखनीय हुनुपर्ने देखिन्छ । कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन विश्लेषणबाट प्राप्त निष्कर्ष अर्थात् यो शोधकर्ताको निष्कर्षलाई बुदाँगत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

- शोध प्रतिवेदनको सुरूमा भाषा, शब्द, शब्दवर्गीकरण, शीर्षक, प्रयोजन आदिलाई प्रस्तुत गरिएको,
- संस्कृत भाषाबाट जस्ताको तस्तै रूप नफेरिई नेपाली भाषामा प्रयोगमा आएका शब्दलाई तत्सम शब्द भनिएको,
- शब्दलाई स्रोतको आधारमा मौलिक र आगन्तुक गरी दुई भागमा वर्गीकरण गरिएको र तत्सम शब्द मौलिक शब्द अन्तर्गत रहेको,
- तत्सम शब्दको अर्थ र तात्पर्यलाई प्रष्ट पारिएको,
- तत्सम शब्दलाई शब्द, वर्ग, व्युत्पत्ति, अर्थ, पाठ र पृष्ठ आवृत्ति समेत उल्लेख गरिएको,
- कुन कथामा जम्मा कति शब्द रहेको प्रतिशत समेत देखाएर प्रत्येक कथामा आवृत्त भएका शब्दलाई तालिका सहित पुष्टि गरिएको,
- तत्सम शब्दको वर्ग, छुट्याएर नाम, विशेषण छुट्याएको,
- तत्सम शब्दमा व्युत्पादन हुने शब्दको व्युत्पत्ति प्रक्रिया देखाइएको र नहुने शब्दलाई मूल शब्दकै रूपमा जस्ताको तस्तै राखिएको,
- शब्द प्रयोगको दृष्टिले सबैभन्दा धेरै शब्दहरूको प्रयोग भएको कथा 'कर्तव्य' (२१००) रहेको र सबैभन्दा थोरै शब्दहरूको प्रयोग भएको कथा 'शत्रु' (८३६) रहेको,
- तत्सम शब्दको प्रयोगका दृष्टिले सबैभन्दा बढी तत्सम शब्दको प्रयोग भएको कथा 'कर्तव्य' (२०५) रहेको र तत्सम शब्दको प्रयोग सबैभन्दा कम रहेको कथा 'शत्रु' ( १०७) रहेको,
- प्रतिशतका दृष्टिले सबैभन्दा बढी तत्सम शब्दको प्रयोग भएको कथा 'शत्रु' (१२.७९ प्रतिशत) रहेको र सबैभन्दा कम तत्सम शब्दहरूको प्रयोग भएको कथा 'आयाम' ( ७.४६ प्रतिशत) रहेको ।

## ५.२ सुझावहरू

कक्षा दशको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन र विश्लेषणबाट निकालिएको निष्कर्षका आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ । कथा विधामा कतै ज्यादै र कुनै पाठमा कम तत्सम शब्दहरू प्रयोग भएको देखिन्छ  तर यसो नभएर समान रूपमा तत्सम शब्दको प्रयोग कथाहरू समावेश गरिनु पर्दछ ।

- अप्ठ्यारा शब्दको आवृत्ति धेरै पटक भएमा विद्यार्थीलाई अध्ययनमा सहजता हुन्छ ।
- सबै कथाको अन्त्यमा अप्ठेरा र दुर्बोध्य शब्दको शब्दार्थ र व्युत्पत्ति स्तम्भ राखिनु पर्ने देखिन्छ ।
- कक्षा दशको नेपाली भाषापाठ्यपुस्तकको कथा विधामा कथा छनौट गर्दा शब्दस्रोतको ख्याल गरी तत्सम, तद्भव र आगन्तुक सबै किसिमका शब्दको समानुपातिक मेल भएका कथा छनौट गर्नु पर्दछ ।
- तत्सम शब्दको आवृत्तिको अवस्था ज्यादै न्युन भएकाले शब्दको पुनरावृत्ति ज्यादा भएका कथा समावेश गर्नुपर्ने देखिन्छ ।

## ५.३ उपयोगिता

प्रस्तुत अध्ययन माध्यमिक शिक्षा अन्तर्गत कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको अनुसन्धान कार्य सम्पन्न गर्दा त्यस अध्ययन कार्यको पछाडि सकारात्मक र नकारात्मक पक्ष आउने गर्दछ । यस अध्ययनले तत्सम तथा नेपाली भाषाको बारेमा अध्ययन गर्न चाहने संस्था वा व्यक्ति, तत्सम शब्दसम्बन्धि अध्ययन गर्ने विद्यार्थी तथा अध्यापन गराउने शिक्षकलाई समेत कुनै न कुनै अवस्थामा फाइदा पुग्ने देखिन्छ । त्यसैले यस अध्ययनमा पनि केहि उपयोगिताहरु यहाँ उल्लेख गरिन्छ ।

- तत्सम शब्दको स्थितिलाई हेरेर नेपाली भाषाको इतिहासलाई बुझ्न सकिने देखिन्छ,
- यस शीर्षकसँग सम्बन्धित रहेर अध्ययन गर्ने भावी अध्ययनकर्तालाई सहयोग पुग्ने देखिन्छ,
- पाठ्यपुस्तक निर्माणमा सहयोग पुग्ने देखिन्छ,
- तत्सम शब्द सम्बन्धि अध्ययन गर्ने विद्यार्थी तथा अध्यापन गराउने शिक्षकलाई सहयोग पुग्ने देखिन्छ,
- पाठ्यपुस्तक निर्माणमा सहयोग पुग्ने देखिन्छ,
- संस्कृत तथा नेपाली भाषाको अध्ययनमा शब्दको व्युत्पत्ति र अर्थ पहिल्याउन सहयोग पुग्छ,
- कक्षा दशको पाठ्यक्रममा तत्सम शब्दको महत्त्व बुझाएर बढी तत्सम शब्द प्रयोग भएका कथा राख्न निर्देशन दिने कुरामा सहयोग पुग्छ ।

### ५.३.१ नीतिगत तह

नेपाली तथा संस्कृत भाषाको महत्त्व दर्शाउन यो अध्ययनले पाठ्यक्रमको नीतिनिर्माणको तहमा निम्न अनुसार सहयोग पुग्ने देखिन्छ ।

- पाठ्यक्रममा स्तर अनुकुल तत्सम शब्द भएका कथा समावेश गर्न,
- शब्दहरूको सन्तुलन मिलाउदै स्तर अनुकुल सरल तथा जटिल किसिमका तत्सम शब्द प्रयोग भएका कथा पाठ्यक्रममा समावेश गर्न,
- भाषाको पाठ्यक्रम परिमार्जन गर्न,
- तत्सम शब्द नेपाली भाषाको जननी भाषा भएकाले नेपाली भाषाको विकासमा तत्सम शब्द बढी र तत्सम शब्दको आवृत्ति बढी भएका कथा पाठ्यक्रममा छनोट गर्न ।

### ५.३.२ कार्यान्वयन तह

नेपाली भाषामा तत्सम शब्दको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । तत्सम शब्दले नेपाली भाषाको बिकासमा प्रत्यक्ष सहयोग पुऱ्याउने भएकाले यो शोध प्रतिवेदनले प्रयोग तहमा पनि सहयोग पुऱ्याउने देखिन्छ । तत्सम शब्दका कारण नेपाली भाषाले व्याकरण, शब्दभण्डार, शब्दवर्ग, व्युत्पत्ति जस्ता कुरामा छुट्टै पहिचान दिन सकेको छ । यो शोध प्रतिवेदनले कक्षा दशमा प्रयोग भएका कथाहरूको अवस्थामा सम्बन्धित पक्षको ध्यानाकर्षण गर्दै पाठ्यक्रममा तत्सम शब्दको प्रयोग बढी मात्रामा भएका कथा छनोट गर्न र नेपाली भाषाको रूपमा तत्सम शब्दलाई महत्त्वपूर्ण मानी स्तर अनुसार पाठ्यक्रममा तत्सम शब्दको प्रयोग बढी र आवृत्ति समेत बढी भएका कथा समावेश गरेर भाषाको बारेमा गहिरो अध्ययन गरिरहेका विद्यार्थी एवम् प्राध्यापक वर्गका साथै कथा विधामा मात्र नभई अन्य विधा शिक्षणका लागि पनि सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।

### ५.३.३ आगामी अनुसन्धानका लागि शीर्षकहरू :

अध्ययन अनुसन्धान निरन्तर प्रक्रिया हो । यसको क्षेत्र व्यापक छ । यस शोध अध्ययनले समेट्न नसकेका यससँग सम्बन्धित अन्य थुप्रै समस्याहरू रहेका छन् । ती समस्याहरूलाई भावी पुस्ताले अध्ययन अनुसन्धान गर्न सक्नेछन् । तत्सम शब्दसम्बन्धी शोध अध्ययनका लागि धेरै शीर्षक हुन सक्छन् । ती मध्ये केही शीर्षकहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

यस तहमा तत्सम शब्द केन्द्रित रहेर अनुसन्धान गर्न सकिने केही शीर्षकहरू यसप्रकार छन् :

- कक्षा दशको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण तथा मूल्याङ्कन,
- कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त तत्सम शब्दको अध्ययन,
- कक्षा दशको नेपाली पाठ्यपुस्तको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन ।

## सन्दर्भ सामग्री


खड्का, गोमाकुमारी (२०६७), **कक्षा ११ को *सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त शब्दहरुको अध्ययन*** (अप्रकाशित स्नातकोत्तर शोध प्रस्ताव), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

घिमिरे तुल्सीराम, न्यौपाने टङ्कप्रसाद, न्यौपाने दिपक, पारसमणि भण्डारी (२०७३), ***सामान्य भाषाविज्ञान*** (चौथो संस्क.), काठमाण्डौं : सनलाइट पब्लिकेसन ।

दाहाल, शान्ता (२०६७), **कक्षा ११ को *सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन*** (अप्रकाशित स्नातकोत्तर शोध प्रस्ताव), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०४०), ***नेपाली वृहत्त शब्दकोश*** (प्रथम संस्क.), काठमाण्डौं : प्रज्ञा छापाखाना ।

नेम्वाङ्ग, देवीमाया (२०७१), ***नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन*** (अप्रकाशित स्नातकोत्तर शोध प्रस्ताव), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

न्यौपाने, अनिता (२०७८), ***मूलुकबाहिर उपन्यासमा प्रयुक्त तत्सम शब्दको अध्ययन*** (अप्रकाशित स्नातकोत्तर शोध प्रस्ताव), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

बराल, टीकादत्त (२०६८), ***तत्सम नेपाली व्युत्पत्ति शब्दकोश,*** काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

बराल, राधिका (२०७४), ***बीएड प्रथम वर्षको ऐच्छिक नेपाली अन्तर्गत कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन,*** (अप्रकाशित स्नातकोत्तर शोध प्रस्ताव), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

बस्नेत, नारायण (२०७१), ***स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन*** (अप्रकाशित स्नातकोत्तर शोध प्रस्ताव), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

भट्टराई, हीरा (२०६६), ***कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरुको अध्ययन*** (अप्रकाशित स्नातकोत्तर शोध प्रस्ताव), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी

यादव, वैद्यनाथ (२०७०), ***स्नातकोत्तर तह प्रथम वर्षको अनिवार्य नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन*** (अप्रकाशित स्नातकोत्तर शोध प्रस्ताव), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

पाठ २

# घरझगडा

*बदरीनाथ भट्टराई*



बडो मुस्किलसँग नजरबन्दबाट छुटेपछि लामो सास फेरेर राजेन्द्रलक्ष्मीले भनिन्, "दयाको फल मैले पाएँ । कुपात्रमा परेको अमृत पनि विष बन्दोरहेछ । देवर भनेर यी बहादुर शाहलाई मैले हुनेसम्म गरेकी हुँ । घरमा पनि यी बाघ बने, अस्मानमा पुऱ्याउँदा पनि बाजको रूप लिए । अब पातालमा पुऱ्याउँदा के हुने हुन्, हेरौँ । नाग बनेर आए पनि यिनीसँग म डराउन्नँ । यिनको विष शमन गर्ने वैद्यहरूको सहायता नपाएकी भए अहिले पनि म उम्कन सक्ने थिइनँ । मेरो व्यक्तित्वको प्रभावमा आकर्षित भएका र न्यायका बाटामा हिँड्ने भारदारहरू जति भने पनि छन् । यस्तोमा हरेस खानु कमजोरी हो । शङ्काको डोरीमा पिङ खेल्नु नादानी हो, जुम्सो बन्नु बेकुफी हो ।"

खास आफ्नो बच्चामाथि अरूले जाइलाग्न लागेको देखेपछि कुन चाहिँ सिंहिनी कानमा तेल हालेर बस्ली ? यदि बसी भने पनि साराले उसलाई थुकिदिनेछन् । मेरो उही हालत हो । अरू त के, समझदार भएपछि यही छोरो रणबहादुर शाहले पनि के भन्ला ! उसैले यसको बचाउका निमित्त आगामा कुद्नु र पानीमा हामफाल्नु परे पनि तयार छु । मेरो धन, जन, तन, मन अर्थात् जे भने पनि सर्वस्व नै यही एउटा छोरो हो । यदि

अस्मान : धेरै माथिको ठाउँ, आकाश

शमन : शान्त पार्ने काम, शान्ति

नादानी : हिम्मत नभएको

पुत्रस्नेहलाई सजीव तुल्याउन सकिनँ भने मातृत्वलाई पनि तिलाञ्जली दिए हुन्छ । हुन त तीन वर्षअगाडि नै मुर्कट्टा बनिसकेकी छु । त्यस बखतमा सती गइनँ भनेर कतिले कुरा काटे, कतिले थुरे, कतिले षड्यन्त्रमा फसाउनसमेत खोजे तर सन्तान र देशका लागि पृथ्वी झैँ क्षमा र स्थिरताको अवतार बनेर आफ्नो आदर्शलाई कार्यरूपमा ढालेँ । हो, त्यो वेलामा बेतियाबाट आएर यिनले मदत दिएका हुन् तर यसरी शासन नै हत्याउन आँट गर्ने यिनको कालो मनलाई आँसुको पर्दाले छोपिएको हुँदा मैले देख्न सकिनँ । खास दाजुमाथि समेत दलजित शाहसँग मिलेर जाल बुन्न सक्ने यिनले नाबालक भतिजमाथि पुत्रस्नेह राख्लान् भनी आशाको पासामा फस्ने म कस्ती ग्वाँग्री ! त्यही अपराधमा न हो यिनलाई मातृभूमिले गलहत्ती दिएको । हुन त विष संशोधन गरेपछि रसायन बन्छ भन्ने प्रयत्न गरेकी हुँ । त्यो माटामा मिल्यो अनि केही सिप नलागेर यिनलाई नजरबन्द गराइदिएँ ।

